हामी लड्यौं भने आफ्नै गोडामा अल्किएर लड्छौं, अरुमा... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ • अंक ३६ • २०८० साल असार १० गते आइतबार (25 June, Sunday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

जसपा केन्द्रीय समिति बैठक

विधान मस्यौदा अनुमोदन, पाँच जना केन्द्रीय सदस्य बर्खास्त, प्रत्यक्ष निर्वाचित राष्ट्रपतिदेखि कार्यकारी अध्यक्षको व्यवस्था

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा)को केन्द्रीय समितिको शनिबारको बैठकले विधानको मस्यौदालाई अनुमोदन गरेको छ । उक्त अनुमोदित विधानको मस्यौदा आइतबारदेखि सुरु हुने विधान अधिवेशनमा प्रस्तुत हुने पार्टीको प्रचार विभागले जानकारी दिएको छ । सशस्त्र जनयुद्ध, जनआन्दोलन र मधेश जनविद्रोह जस्ता राजनीतिक संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षार्थ गठित पार्टी सम्बद्ध समाजवादी मोर्चालाई पनि पार्टीको केन्द्रीय समितिको बैठकले अनुमोदन गरेको छ।

केन्द्रीय कार्यकारिणी समिति र राजनीतिक समितिका बैठकले गरेका यस अघिका निर्णयहरुलाई शनिबारको बैठकले अनुमोदन गरेको पार्टीले जानकारी दिएको छ । बैठकले निर्वाचनमा अन्तर्घात गर्ने पार्टीका केन्द्रीय सदस्यहरू दीपेन्द्र नेम्बाङ, देउकुमार नेम्बाङ, महेन्द्र चौधरी, मनोरञ्जन गोइत र धर्मेन्द्र मरवैतालाई पार्टी सदस्यबाट निष्कासन गर्ने निर्णय गरेको छ।

छानबिन समितिको प्रतिवेदनको सिफारिस अनुसार पार्टीका केही केन्द्रीय नेताहरूलाई नसिहत दिने निर्णयसमेत भएको छ। कारबाहीको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले १५ दिनभित्र पार्टीको अनुशासन आयोगमा निवेदन दिन सक्ने पार्टीले जानकारी दिएको छ। बैठकले कम्युनिष्ट दलहरूसँग मिलेर समाजवादी मोर्चा बनाएको जसपाले लोकतन्त्र, सामाजिक न्याय र समाजवादलाई आदर्श मानेको छ। विधान अधिवेशनमा छलफलका लागि तयार पारेको विधानको मस्यौदामा धारा ९ मा जसपाले आफ्नो

आदर्शको कुरा उल्लेख गरेको छ। हिमाल, पहाड, मधेश र बहुराष्ट्रियता बीच भावनात्मक एकीकरण गरी सबैको स्वामित्व, प्रतिनिधित्व र पहिचानको मान्यतामा आधारित राज्य संरचनाको स्थापना गर्ने उद्देश्य जसपाले लिएको छ ।

त्यस्तै,राज्यको शासकीय स्वरूपमा जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक प्रतिनिधित्व भएको संसद् स्थापित गर्ने जसपाले आफ्नो उद्देश्य स्पष्ट गर्दै बहुलबादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको विकास गर्ने जसपाले जनाएको छ। भ्रष्टाचार, जवर्जस्तीकरणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कैदको सजाय नपाएको व्यक्तिले मात्र जसपाको सदस्य पाउने व्यवस्था गरेको छ।

कुनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको, दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाइ सजाय पाएको एक वर्ष भुक्तान नभएको अथवा असामाजिक कार्यमा संलग्न रहेको व्यक्तिले जसपाको संगठन सदस्य हुन पाउने छैन । प्रतिनिधि सभा/प्रदेश सभा वा स्थानीय तहमा पार्टीको आधिकारिक उम्मेदवार विरुद्धमा उम्मेदवार भएमा वा त्यस्ता विद्रोही उम्मेदवारको प्रस्तावक/समर्थक भएमा वा निजको पक्षमा प्रचार प्रसार गरेमा, अन्तर्घात गरेको प्रमाणित भएमा त्यस्ता व्यक्तिको पार्टी सदस्यता रद्द हुनेछ ।

यसैगरी,अनुशासनको कारबाहीको सिलसिलामा निलम्बनमा परेका सदस्य निलम्बनको अवधिभर पार्टीको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न र बैठकमा भाग लिन नपाउने प्रावधान पनि विधानमा राख्ने भएको छ। राष्ट्रिय महाधिवेशन वा विशेष महाधिवेशन, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति, प्रदेश महाधिवेशन, प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति, जिल्ला अधिवेशन, जिल्ला समिति, जिल्ला कार्यकारिणी समिति, स्थानीय तह समितिलगायतका सांगठनिक संरचना हुने विधानको मस्यौदामा उल्लेख छ। प्रत्येक पाँच वर्षमा महाधिवेशन गर्ने भनेको छ तर परिस्थिति अनुसार एक वर्ष अगाडि पछाडि गर्न सकिने बताइएको छ। राष्ट्रिय महाधिवेशनले एक जना अध्यक्ष, एक जना वरिष्ठ उपाध्यक्ष, तीन जना उपाध्यक्ष, तीन जना महासचिव, तीन जना उपमहासचिव, तीन जना सचिव, एक जना कोषाध्यक्ष गरी १५१ सदस्यीय केन्द्रीय समिति रहने विधानको मस्यौदामा उल्लेख छ।

पार्टीको अध्यक्ष, वरिष्ठ नेता, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, सचिव, कोषाध्यक्ष र केन्द्रीय समितिबाट निर्वाचित १५ जना सदस्य समेत रहने गरी केन्द्रीय कार्यकारिणी समितिको समेत व्यवस्था गरेको छ। केन्द्रीय समितिको निर्वाचनमा कम्तीमा एक तिहाइ महिलासहित नेपालको विविधता प्रतिबिम्बित हुने गरी पार्टी सदस्य संख्याको अनुपातमा मधेशी, आदिवासी जनजाति, थारु, दलित, महिला, खस-आर्य, मुस्लिम र अल्पसंख्यक समुदाय जातीय/सामाजिक समूहहरू बाट ७० प्रतिशत र खुला प्रतिस्पर्धाबाट ३० प्रतिशत केन्द्रीय सदस्यहरू (पदाधिकारीबाहेक) निर्वाचित हुनेछन्। यसरी निर्वाचित गर्दा कम्तीमा ४० प्रतिशत युवा हुनुपर्नेप्रावधान विधानमा राखिएको छ। पार्टीका निवर्तमान अध्यक्ष वरिष्ठ नेता हुने भनिएको छ महाधिवेशनले अन्यथा निर्धारण गरेकोमा बाहेक उनको मर्यादाक्रम अध्यक्षपछि रहने विधानमा उल्लेख छ। अध्यक्ष सहित बढीमा ९ सदस्यीय केन्द्रीय सचिवालय र महासचिव सहित ५ सदस्यीय कार्यालय रहने प्रावधान गरिएको छ।

अनिश्चितकालको लागि आलु प्याज ढुवानी नगर्ने चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम । आलु प्याज व्यवसायी संघ जनकपुरधामले भारतबाट आलु प्याज ढुवानी नगर्ने चेतावनी दिएको छ। सरकारले आलु प्याजमा मूल्य अभिवृद्धिकर (भ्याट) लगाएपछि व्यवसायीहरुले यस्तो चेतावनी दिएका छन् ।

उनीहरुले आइतबारदेखि अनिश्चितकालको लागि आलु प्याज ढुवानी नगर्ने चेतावनी दिएको छ । संघ सरकारले प्रस्तुत गरेको आगामी बजेटमा आलु प्याजमा १३ प्रतिशत कर लगाउने घोषणा गरेपछि व्यवसायीहरुले आलु प्याज कृषिजन्य पदार्थ रहेको भन्दै भ्याटको विरोध गरेका छन् । यसअघि जनकपुरधाम उद्योग वाणिज्य संघले बुधबार जिल्ला प्रशासन कार्यालय धनुषामा सो कर हटाउन माग गर्दै ज्ञापनपत्र बुझाएका थिए।

संघ सरकारले आगामी आर्थिक वर्ष ०८०/०८१ को बजेटमा आलु, प्याज, फलफूललगायत कृषिजन्य सामग्रीमा थप १३ प्रतिशत कर लगाउने घोषणा गरेका छन् । आलु, प्याज तथा फलफूलमा प्रस्ताव गरिएको थप कर रकमको व्यवस्था हटाइ बजेट पारित नगरेसम्म भारतबाट आलु प्याज नल्याउने व्यवसायीहरुले जनाएका छन् ।

भारतबाट जनकपुरधामको पेठिया बजारमा दैनिक पाँच ट्रक आलु प्याज आउने गरेको थियो । तर सरकारले कर लगाउन प्रावधान ल्याएपछि एक ट्रक मात्रै आउने गरेको पाइएको छ ।

सरकारले कृषिजन्य सामग्रीमा थप कर लगाएपछि नेपाली बजार प्रभावित भएको छ। दैनिक भान्सामा प्रयोग हुने कृषिजन्य सामग्रीमा कर लगाएपछि आलु प्याज भन्सार छली नेपाल भित्रिरहेको छ। सरकारले यस भन्दा पहिला कृषि जन्य सामग्रीमा कर छुट दिंदै आएको थियो।

सरकारले राजस्व वृद्धि गर्ने उद्देश्यले लगाइएको करका कारण झन राजस्व न आउने गरेको व्यवसायीहरुको कथन छ । उनीहरुले आलु प्याजको आयातमा रोक लगाउने चेतावनी दिएसँगै जनकपुरधाम बजारमा आलु प्याजको मूल्य अकासिएको छ।

व्यवसायीहरुको चेतावनीसंगै जनकपुरधाममा आलु प्रतिकिलो ५० भन्दा माथि र प्याज करिव ७० रुपैयाँ प्रतिकिलोको दरले शनिबार बिक्री गरिएको थियो । सरकारले आलु प्याजको मूल्यमा बढी दर लिने व्यवसायीहरुलाई कारवाही गर्ने चेतावनी दिए पनि जनकपुरधाममा आलु प्याजको मूल्य आकासिएको छ।

> *संघ सरकारले आगामी आर्थिक वर्ष ०८०/०८१ को बजेटमा आलु, प्याज, फलफूललगायत कृषिजन्य सामग्रीमा थप १३ प्रतिशत कर लगाउने घोषणा गरेका छन्। आलु, प्याज तथा फलफूलमा प्रस्ताव गरिएको थप कर रकमको व्यवस्था हटाइ बजेट पारित नगरेसम्म भारतबाट आलु प्याज नल्याउने व्यवसायीहरुले जनाएका छन्।*

व्यवसायीहरुले कृषिजन्य पदार्थमा बढी फाइदा नहुने गरेका कारण भ्याट लगाउनु नपर्ने गुनासोसमेत गरेका छन् । जनकपुरधामको बजार र भारतीय बजारमा आलु प्याजको मूल्यमा ढुवानी बाहेक केही प्रतिशतको मूल्य रहेका कारण भ्याट हटाउनुपर्ने उनीहरुको भनाइ छ।

साझेदारी वन व्यवस्थापन समूहमा पनुहर

सिकेन्द्र पासवान

कलैया । तामागढी साझेदारी वन व्यवस्थापन समूह कोल्हवी बाराको सम्पन्न निर्वाचनमा रवीन्द्र पनुहर निर्वाचित भएका छन् । पनुहरले १ सय २६ मत प्राप्त गरी विजयी भएका प्रमुख निर्वाचन अधिकृत कैलाश केसी खत्रीले जानकारी दिए । उनका प्रतिस्पर्दी रमेश कुशवाहाले ९७ मतमा मात्र चित बुझाएका छन् ।

उपाध्यक्षमा दुई जना उम्मेदवारहरु शशिभुषन प्रियदर्शी र रेणु जयसवालको दुई/दुई मत आएपछि गोलाप्रथाबाट प्रिय निर्वाचित भएका छन् । निर्वाचित प्रतिनिधि मध्ये अवधेश सहनी निर्वाचित भएका छन् । खुल्ला सदस्यहरुमा रामज्ञा प्रसाद यादव, उमेश साह, कैलाश विक, गजिन्द्र प्रसाद यादव, राजेश साह कानु, लालबहादुर साह कानु, जगदेव चौधरी, मधेशी सदस्यमा धनधारी राय यादव, दलित सदस्यमा कपिलदेव दास र आदिवासी जनजातिमा सुरेन्द्र चौधरी निर्वाचित भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । २ जना महिला भने निर्वोध निर्वाचित भइसकेका थिए।

२ सय ७२ मतदाता रहेको सो साझेदारीमा नेकपा एमाले, जसपा, लोसपा र नेकपा एससहितको मोर्चा बनाइ रमेश कुशवाहा चुनावी मैदानमा उत्रेका थिए ।

सुरक्षाकर्मीद्वारा उद्धार

टुडे समाचारदाता

रौतहट । रौतहटको बागमती नदीमा अलपत्रमा परेका मानिसहरुको सुरक्षाकर्मीद्वारा उद्धार गरिएको छ ।

शुक्रबार करीब चार बजेको समयमा जिल्लाको राजदेबी नगरपालिकाको वडा नम्बर ३ चन्डियामा ती मानिसहरु गोठालो गएको समयमा वर्षाको कारणले बागमती नदीमा पानीको बहाब बढेपछि उक्त नदीको बीच भागमा स्थानीयहरु अलपत्र परेका थिए ।

सो घटना बारे थाहा पाउन लगतै नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीसमेतको संयुक्त उद्धार टोलीले नदीकोबीच भागमा फसेका मानिसहरुलाई शनिबार उनीहरुलाई उद्धार गरेको जिल्ला प्रहरी कार्याल रौतहटले जनाएको छ ।

उद्धार गरिएकाहरुमा राजदेबी नगरपालिका वडा नं.३ चन्डियाका प्रसाद दासको श्रीमती ५० वर्षीया रामापती देबी, सोही वडाका ललन पटेलको श्रीमती ३७ वर्षीया ललिता देबी पटेल, सोही वडाका ६० वर्षीय विलास दास (निजको दुई वटा भैसी), सोही वडाका ५० वर्षीया करणसिला साह तथा सर्लाहीका बलरा नगरपालिका वडा नं.२ जमुनियाका ६० वर्षीय केसर सहनीको उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता नायव उपरीक्षक प्रहरी उमाशंकर यादवले बताए ।

पर्सागढी नगरपालिकाको ५५ करोड ७० लाखको बजेट

रञ्जन यादब

कलैया । पर्साको पर्सागढी नगरपालिकाले आगामी आर्थिक वर्ष ०८०/८१ का लागि नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छ ।

नगर प्रमुख गोकर्ण पाठकले नीति तथा कार्यक्रमको लक्ष्य समृद्ध नगर खुशी नगरबासी रहेको जानकारी दिए ।

जनप्रतिनिधि शासक होइनन् ,जनताको सेवक हुन् मान्यतामा आधारित उत्तरदायी ,पारदर्शी ,मेहनत र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने सिद्धान्तलाई ग्रहण गरेको बताए ।

नीति तथा कार्यक्रममा पाँच वर्ष भित्रमा सबै माध्यमिक विद्यालयमा नर्स कार्यक्रम लागु गर्न पहल गर्ने , नगर प्रमुख छात्रवृत्ति कोष स्थापना ,१५ शैय्याको अस्पताल निर्माण गर्ने ,आर्थिक रुपमा विपन्न नगरवासीको स्वास्थ्य उपचारका लागि नगर प्रमुख विपन्न सहायता कोष स्थापना ,गर्भवती महिलालाई निःशुल्क क्याल्सियम र पोषणमा सुधार ल्याउन गर्भवती उपमेयर कार्यक्रम लागुगर्ने ,एक वडा एक जेष्ठ नागरिक विश्रामस्थल कार्यक्रम ,बालबालिकासँग मेयर रउपमेयर कार्यक्रम , आर्थिक विकासकोलागि कृषिमा जोड ,पर्यटनको दृष्टिकोणले अत्यन्त महत्व बोकेको पर्सागढी ,आमो देबी ,कोईलाभार खसियाही गढीमाइ र भरौदामाइको एक बर्ष भित्र विस्तृत योजना प्रतिवेदन तयार गर्नेछन् ।

५५ करोड ७० लाख बराबरको नीति , कार्यक्रम तथा बजेट ल्याएको छ । शनिबार सम्पन्न नगरपालिकाको नवौं नगरसभामा उपमेयर पूजा चौधरीले आगामी आर्थिक वर्षका लागि ५५ करोड ७० लाख ३८ हजारको बजेट प्रस्तुत गरेकी छन् ।

नगर प्रमुख पाठकको अध्यक्षतामा भएको नगरसभामा उत्कृष्ट कर्मचारीका रुपमा वडा सचिव कुशुम दास र महिला तथा बालबालिका शाखाकी कर्मचारी चेतकुमारी तिमल्सिनालाई दोसल्ला ओढाएर नगद ५ हजार रकम प्रदान गरी सम्मान पनि गरिएको थियो ।

नगरसभामा प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराईले आन्तरिक आय वृद्धि हुने क्रियाकलाबमा लाग्न नगर सभा सदस्यहरुलाई अनुरोध गरेका थिए ।

महोत्तरी विजयी

टुडे समाचारदाता

राजविराज । प्रथम राजविराज मेयर गोल्डकप फुटबल प्रतियोगिता शनिबारदेखि सुरु भएको छ । राजविराजस्थित राजरंगशालामा सुरु भएको उद्घाटन खेलमा महोत्तरीले सिरहालाई २-१ गोल अन्तरले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुवात गरेको छ ।

महोत्तरीका लागि पारस सुसलिंग र कृष्ण लामाले एक-एक गोल गरे । सिरहाका लागि एक मात्र गोल अमन लामाले खेलको ५८ औं मिनेटमा गरे ।

राजविराज नगरपालिकाको सहयोग तथा जिल्ला फुटबल संघ सप्तरीको आयोजनामा सुरु भएको प्रतियोगिताको राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परबिनले उद्घाटन गरेका छन् ।

उनले यस्ता प्रतियोगिताले खेल क्षेत्रको विकास मात्र नभइ खेलाडीको विकासका लागिसमेत टेवा पुग्ने बताइन् । उनले खेलकुदको विकासका लागि आफूले साधन श्रोतले भ्याएसम्म सहयोग गर्ने प्रतिबद्धता पनि जनाइन् । प्रतियोगिता असार १६ गतेसम्म चल्ने छ । प्रतियोगितामा घरेलु टोली सप्तरीका साथै महोत्तरी, सिरहा, धनुषा, सिन्धुली, उदयपुर, सुनसरी र सर्लाही गरी कुल ८ टिमको सहभागिता रहेको आयोजक जिल्ला फुटबल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारले जानकारी दिए । उद्घाटन समारोहमा पूर्वमेयर जगरनाथ दास, शैलेश चौधरी, पूर्व राष्ट्रिय खेलाडी जितेन्द्र नारायण देव, जीवन श्रेष्ठ, आलोक विश्वास, श्रीलाल देव, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेललगायतको पनि उपस्थिति रहेको थियो ।

साफ च्याम्पियनसिप फुटबलमा कुवेत विजयी

काठमाण्डु । भारतमा जारी १४औंसंस्करणकोसाफच्याम्पियनसिप फुटबल प्रतियोगिताअन्तर्गत आज भएको पहिलो खेलमा आमन्त्रित टोली कुवेतले पाकिस्तानलाई पराजित गरेको छ । भारतको बैङ्गलोरस्थित कान्तिरभा रङ्गशालामा आज भएको खेलमा कुवेतले पाकिस्तानलाई ४-० गोल अन्तरले पराजित गरेको हो ।

कुवेतको जीतमा मुबारक फानिनीले दुई गोल र सुल्तान इनिजी र इद राशिदीले समान एक/एक गोल गरे । खेलको १० औं मिनेटमा इनिजीले गोल गर्दै कुवेतलाई सुरुआती अग्रता दिलाएका थिए । त्यस्तै खेलको १७औं मिनेटमा फानिनीले गोल गर्दै कुवेतको अग्रता दोब्बर बनाए । खेलको पहिलो हाफको अतिरिक्त समयमा फानिनीले व्यक्तिगत दोस्रो गोल गरे भने ९औं मिनेटमा राशिदीले गोल गरेका थिए ।

जीतसँगै समूह 'ए' मा रहेको कुवेतले दुई खेलमा ६ अङ्क जोडेको छ । पहिलो खेलमा कुवेतले नेपाललाई ३-१ गोलअन्तरले पराजित गरेको थियो । पाकिस्तान भारतसँग पराजित भएको थियो । साफ च्याम्पियनसिपको अर्को खेलमा अहिले नेपाल र भारत प्रतिस्पर्धा गरिरहेका छन् । जसमा पहिलो हाफ गोलरहित बराबरीमा टुंगिएको छ । रासस

पूर्व सभापति लामाको निधनप्रति कांग्रेसद्धारा दुःख व्यक्त

काठमाण्डु । नेपाली कांग्रेसले पार्टी सिन्धुपाल्चोकका पूर्वसभापति विकास लामाको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ । कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव डा प्रदीप पराजुलीले आज शोक विज्ञप्ति जारी गरी सिन्धुपाल्चोकका निवर्तमान सभापति लामाको गए राति वीर अस्पतालमा उपचारका क्रममा भएको निधनप्रति गहिरो दुःख व्यक्त गरेको हो ।

स्व लामाको पार्थीव शरीरलाई श्रद्धाञ्जलिका लागि बौद्धको तीनचुलेस्थित ह्याल्मो गुम्बामा राखिने र भोलि बिहान ११:०० बजे सोही गुम्बाबाट शवयात्रासहित काठमाडौंको जोरपाटीस्थित जम्बोडाँडामा अन्त्येष्टी गरिने कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ ।

विसं २०१६ असोजमा जन्मनुभएका लामा ब्लड क्यान्सरबाट पीडित हुनुभएको र केही समयअघि थाइल्यान्डमा उपचार गराएर नेपाल फर्कनुभएको थियो । स्व लामाले नेपाली कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो ।

लामाको निधनले कांग्रेसले एक होनाहार सङ्गठनकर्तालाई गुमाएको र पार्टीलाई अपूरणीय क्षति पुगेको कांग्रेसले जनाएको छ ।

लामाको निधनप्रति कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गहिरो दुःख व्यक्त गर्नुभएको छ । "नेपाली कांग्रेसका निवर्तमान जिल्ला सभापति लामाको निधनको खबरले मलाई अत्यन्त दुःखित बनाएको छ, कांग्रेस सिन्धुपाल्चोकको नेतृत्वदायी भूमिकामा रहेर पार्टीको सङ्गठन निर्माण र लोकतान्त्रिक आन्दोलनमा स्व लामाले पुर्याउनुभएको सक्रिय योगदानप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु", सभापति देउवाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

सभापति देउवाले दिवङ्गत आत्माको चीर शान्तिको कामनासाथ शोकसन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो व्यक्तिगतर्फबाट हार्दिक समवेदना व्यक्त गर्नुभएको छ । रासस

बजेट कार्यान्वयनमा सबै जुट्नुको विकल्प छैन : मन्त्री बस्नेत

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले बजेट कार्यान्वयनमा सबै मिलेर जानुपर्ने बताउनुभएको छ । सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकाको १३औं नगरसभा उद्घाटनगर्दैउहाँलेतीनैतहकासरकारले ल्याउने बजेट सबैको समन्वयमा कार्यान्वयन हुनुपर्ने बताउनुभयो ।

मन्त्री बस्नेतले सबै जनप्रतिनिधि जनताको सच्चा प्रतिनिधि हुनुपर्ने बताउँदै बजेट निर्माण र यसको कार्यान्वयनमा सजग हुनुपर्नेमा जोड दिनुभयो । "हामी जनताका सेवक भएकाले भ्रष्टाचारमुक्त समाज बनाउन सबै लाग्नुपर्छ, यसका लागि आफू सजग छु र अरूलाई समेत सजग हुन आग्रह गर्दछु", उहाँले बताउनुभयो ।

संविधानमा व्यवस्था भएबमोजिम स्वास्थ र शिक्षाजस्ता क्षेत्र सबै नागरिकमा सर्वसुलभ बनाउन आफू लागिपरेको बताउँदै उहाँले सबै नागरिकमा आधारभूत सेवाको प्रत्याभूति हुने गरी काम गरिने बताउनुभयो । मन्त्री बस्नेतले विकास निर्माण र जनसेवामा राजनीति सकारात्मक हुनुपर्ने र निर्वाचनमा पार्टी फरक भए पनि विकासमा एकै भएर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

बागमती प्रदेशका वन तथा वातावरणमन्त्री मसिना खड्का भण्डारीले प्राकृतिक सम्पदा संरक्षण गर्दै दिगो विकास लक्ष्य हासिल गर्न मन्त्रालय अग्रसर रहेको बताउनुभयो । बाह्रबिसे नगरपालिकाका प्रमुख बालकृष्ण बस्नेतले आफ्नो नगरपालिकाले किसान बीमा, माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क, एम्बुलेन्स तथा शववाहन सेवाजस्ता जनतासँग प्रत्यक्ष जोडिएका क्षेत्रमा काम गरिरहेको र नगरको बजेट यसकै वरिपरि रहने बताउनुभयो ।

बाह्रबिसे नगरपालिकाले नगरसभामा आगामी आर्थिक वर्षका लागि रु ६० करोड २२ लाख एक सय ७९ बराबरको बजेट प्रस्तुत गरेको छ । रासस

परिसङ्घको अध्यक्षमा अग्रवाल निर्वाचित

काठमाण्डु । नेपाल उद्योग परिसङ्घको अध्यक्षमा राजेशकुमार अग्रवाल चयन हुनुभएको छ । परिसङ्घको २०औं वार्षिक साधारणसभाले अग्रवाललाई अध्यक्षमा निर्वाचित गरेको हो । अग्रवाल विगत डेढ दशकदेखि परिसङ्घको राष्ट्रिय परिषद् सदस्य, उद्योग समिति सभापति, राजस्व समिति सभापति, रोजगारदाता परिषद् संयोजक हुँदै परिसङ्घको उपाध्यक्ष बन्नुभएको थियो ।

काठमाडौंमा जन्मनुभएका अग्रवाल सन् १९९२ देखि उद्योग क्षेत्रमा हुनुहुन्छ । आरएमसी ग्रुपका कार्यकारी निर्देशकसमेत रहनुभएका अग्रवाल सिमेन्ट, स्टिल, खाद्यलगायतका क्षेत्रमा आबद्ध हुनुहुन्छ । परिसङ्घका निवर्तमान अध्यक्ष विष्णुकुमार अग्रवालले नवनिर्वाचित अध्यक्ष राजेशकुमार अग्रवाललाई शपथग्रहण गराउनुहुँदै पदभार हस्तान्तरण गर्नुभयो ।

शनिवार यहाँ सम्पन्न वार्षिक साधारणसभाबाट परिसङ्घको राष्ट्रिय परिषद् सदस्यमा सञ्जय गोल्छा, राजबहादुर शाह, विदुषी राणा, अजितविक्रम शाह, हेमराज ढकाल, आशिष अग्रवाल जजोडिया, मनिष खेम्का, द्विराज शर्मा (शिवाकोटी), ध्रुवप्रसाद रिजाल, वर्षा श्रेष्ठ, हितेश गोल्छा, आशिष गर्ग, सपना सापकोटा, वीरेन्द्रराज पाण्डे निर्वाचित हुनुभयो ।

यसैगरी लक्ष्मीप्रसाद सुवेदी, गोकुल भण्डारी, सन्दीप शारदा, मोहित केडिया, अमित मोर, अमितकुमार बेगानी, चन्द्र टण्डन, रोहित गुप्ता, निर्वाण चौधरी, वरुणकुमार तोदी, राहुलकुमार अग्रवाल, शरदकुमार टिवडेवाला, विक्रम सिङ्घानीया, मिलनबाबु मल्ल, दीपक अग्रवाल, विशाल अग्रवाल, सौरभ दुगड, विकास दुगड, दिलीप अग्रवाल, गोपालकुमार अग्रवाल, आदित्य सङ्घाई निर्वाचित हुनुभयो ।

निर्वाचित राष्ट्रिय परिषद् सदस्यहरूबाट सर्वसम्मतरूपमा सात जना उपाध्यक्ष चयन हुनुभएको छ । परिसङ्घको उपाध्यक्षमा निर्वाण चौधरी, वीरेन्द्रराज पाण्डे, राजबहादुर शाह, हेमराज ढकाल, रोहित गुप्ता, अमित मोर र भीम घिमिरे चयन हुनुभएको छ । अमित मोर र भीम घिमिरे पहिलोपटक परिसङ्घको उपाध्यक्ष बन्नुभएको हो । यसैगरी परिसङ्घको स्थायी आमन्त्रित सदस्यमा सन्दीप शारडा, गोकुल भण्डारी र छायाँ शर्मा मनोनित हुनुभएको छ ।

परिसङ्घ अध्यक्षको पदभार ग्रहण गर्नुहुँदै अध्यक्ष अग्रवालले परिसङ्घले विगतदेखि हासिल गर्दै आएका उपलब्धिलाई संस्थागत गर्दै थप नयाँ उचाइमा पुर्याउन सक्रियरूपमा लाग्ने बताउनुभयो । उहाँले सरकारका छिटो-छिटो परिवर्तन हुने नीति नियम, चर्को ब्याजदर, समग्र मागमा आएको कमी, उत्पादनमा कमी, घट्दो मनोबल तथा नयाँ लगानीका योजनाहरू स्थगनलगायतका निजी क्षेत्रले भोगिरहेको समस्या समाधानका लागि प्रभावकारीरूपमा प्रस्तुत हुने बताउनुभयो । उहाँले निवर्तमान अध्यक्ष विष्णुकुमार अग्रवाललाई सफल कार्यकालका लागि बधाई ज्ञापन गर्नुभयो । परिसङ्घको साधारणसभा शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्नुभएको थियो । रासस

परिसङ्घको स्थायी आमन्त्रित सदस्यमा सन्दीप शारडा, गोकुल भण्डारी र छायाँ शर्मा मनोनित हुनुभएको छ । परिसङ्घ अध्यक्षको पदभार ग्रहण गर्नुहुँदै अध्यक्ष अग्रवालले परिसङ्घले विगतदेखि हासिल गर्दै आएका उपलब्धिलाई संस्थागत गर्दै थप नयाँ उचाइमा पुर्याउन सक्रियरूपमा लाग्ने बताउनुभयो ।

माईग्रेशन हरायो

घरबाट जनकपुर जाने क्रममा धनुषाको औरही र भोयलको बीचमा मिति २०८०/०२/१६ गते मेरो निम्न व्यहोरा भएको माईग्रेशन प्रमाणपत्र हराएको पाउनुहुने महानुभवले नजिकको प्रहरी वा तलको सम्पर्क नं. मा जानकारी गरिदिहु अनुरोध छ ।

नाम : सुमन्त कुमार शर्मा
सिम्बोल नं.: २१७०१०४७
रजिष्ट्रेशन नं.:६९१७११३७
ठेगाना:विदेश न.पा.-७, धनुषा
मो.नं.९८१९८२४३१८

मेशीन बिक्रीमा

Used CNC Wood curving machine

Price only 680000

सम्पर्क
विदेह नगरपालिका, तिनकोरिया चोक
मो.नं. : ९८६६३९३५६४

तपाईको आज

पण्डित : ब्रम जी

मेष	: अवसर प्राप्त ।
बृष	: धन बृद्धि सञ्चय ।
मिथुन	: सुख समृद्धि हुने ।
कर्कट	: पुरस्कार प्राप्त लाभ ।
सिंह	: शिक्षामा उन्नति ।
कन्या	: प्रतिभा सम्पन्नता ।
तुला	: भ्रमण अवसर हुने ।
वृश्चिक	: बौद्धिक क्षमता ।
धनु	: प्रेम प्रसंग, मित्र सुख ।
मकर	: नयाँ कार्य हुने ।
कुम्भ	: पारिवाहिक सुख ।
मीन	: वाद विवादबाट बच्नु ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

नागरिकताका लागि सङ्घर्ष गर्दै दलित समुदाय

सप्तरी । सप्तरीको बोदे बर्साइन नगरपालिका-७ बगबिराका जीवछ सदा ७२ वर्ष पूरा हुनुभएको छ । उहाँ हालसम्म पनि नागरिकता विहिन हुनुहुन्छ ।

नेपाली भएको प्रमाण प्राप्त गर्न ठूलै सङ्घर्ष गरे पनि सफलता पाउन नसकेका सदा अझै पनि नागरिकता बन्ला भन्ने आशमा बस्नुभएको छ । सदाले नागरिकता पाउन नसक्दा उहाँको सिङ्गो परिवार नै यतिबेला नेपाली भएको पहिचान पाउनबाट वञ्चित छन् ।

"नेपालमै जन्मिए, यही हुर्किए तर अहिलेसम्म आफू नेपाली भएको कुनै पहिचान नै पाउन सकेको छैन", सदाले गुनासो गर्नुभयो । घरकै मूल व्यक्तिको नागरिकता नबन्दा उहाँको २१ वर्षीय छोरा जितेन्द्र सदा, २० वर्षीया बुहारी सरस्वती सदाको नागरिकता बन्न सकेको छैन भने नाति आठ वर्षीय रुपक, पाँच वर्षीय दीपक र एक वर्षीया नातिनी जन्मदर्ता विहीन छन् ।

नेपाली भएको प्रमुख पहिचान नै नागरिकता भएको भन्दै नागरिकता नहुँदा परिवारका सदस्यहरूले अहिलेसम्म राज्यबाट पाउनुपर्ने सेवासुविधाबाट वञ्चित भएका छन् । स्थानीय साहुमहाजनमा खेतीपातीको काम गर्दै आएका जीवछले नागरिकताका लागि सम्बन्धित निकायमा धाउँदै आए पनि पहिचान पाउन नसकेको दुखेसो पोख्नुभयो ।

जन्मेपछि कानुनी रूपमा नै राज्यको नागरिकको फेहरिस्तमा नाम जोडिनुपर्ने भए पनि जीवछका बुबा बिलट सदाको नागरिकता नहुँदा उहाँको पूरै परिवार अहिले पहिचानविशिन भएको छ । "बुबाको नागरिकता नहुँदा मेरो जन्मदर्ता बन्न सकेन, अहिले मेरो नागरिकता नहुँदा छोराछोरीदेखि नातिनातिनी सम्मको पहिचान बन्न सकेन", जीवछले भन्नुभयो, "जन्मदर्ता नबन्दा छोराछोरीले विद्यालयमा पढ्न पाएन, अहिले नातिनातिनीको अवस्था पनि यस्तै बनेको छ ।"

आर्थिक अवस्था कमजोर भएकाले केही समय रोजगारीका लागि भारतको पञ्जाब गएको भन्दै अब स्वदेशमै केही गर्ने योजना रहेको जीवछका छोरा जितन्द्रले बताउनुभयो । उहाँले नेपाली भएको कुनै पहिचान नहुँदा समस्या भइरहेको सुनाउनुभयो ।

"नागरिकता बनाउन गाएको नेतादेखि सिडियोसम्मलाई गुहारे पनि बुबाको नागरिकता नभएकाले नागरिकता नहुने भन्दै फर्काउँदै आएको छ", जीवछले भन्नुभयो, "गाउँमा नागरिकता टोली आएको बेला नागरिकता बनाउन प्रयास गरे । त्यति बेला छरछिमेकको नागरिकता बन्यो, कुनै प्रमाण नरहेको भन्दै हामीलाई नागरिकता बनाई दिएन् ।" नागरिकताको लागि तत्कालीन गाविस कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म धाउँदै आए पनि नागरिकता पाउन नसकिएको उहाँको भनाइ थियो ।

"नागरिकताको सिफारिसका लागि जन्मदर्ता र श्रीमान्को नागरिकता खोज्छन् । आफ्नो न त जन्मदर्ता छ न त श्रीमान्को नागरिकता", सरस्वती सदाले भन्नुभयो, "नेपालमा जन्मिए, तर नेपाली भएको कुनै प्रमाण नहुँदा आफ्नो जीवन नै व्यर्थ भएको महसुस भइरहेको छ ।" नागरिकता नहुँदा राज्यबाट मात्रै नभइ समाजबाट पनि अलग हुनु परेको दुखेसो उहाँले सुनाउनुभयो ।

"नागरिकता नभएकाले गाउँमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउन सकिरहेकी छैन", सरस्वतीले भन्नुभयो । आफ्नो नागरिकता नभएकाले विवाह दर्ता हुन नसकेको भन्दै अहिले छोराछोरीको जन्मदर्ता पनि नबनेको उहाँको दुखेसो छ ।

सोही ठाउँका ६५ वर्षीय देवनारायण सदाले पनि नागरिकता पाउनुभएको छैन । उहाँको नागरिकता नबन्दा उहाँको सिङ्गो परिवार नागरिकताविहीन छ । उहाँको श्रीमती ६० वर्षीया सोसिलादेवी सदा र ३० वर्षीय छोरा खजेन सदाले पनि नागरिकता बन्न नसकेको गुनासो गरेका छन् ।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकाको हरिपुरमा जन्मिएर करिब ४५ वर्षदेखि बोदे बर्साइन नगरपालिकाको बगबिरामा बस्दै आउनुभएका देवनरायण सदाले बाल्यकालमा नै बुबा र आमालाई गुमाउनु भएको थियो । "अहिले न त बुबाको कुनै प्रमाण छ न त आमाकै", देवनारायणले भन्नुभयो, "जति प्रयास गर्दा पनि नागरिकता पाउन सकिनँ ।"

पछिल्लो समय सरकारले नागरिकताविहीनका लागि ल्याएको नागरिकता विधेयक सम्बन्धी समाचारले उत्साहित भएको देवनारायणले सुनाउनुभयो। उहाँले कुनै उपायले नागरिकता पाइन्छ कि भन्ने आशा जगाएको बताउनुभयो ।

सप्तरीको बोदे बर्साइन नगरपालिका-५, ६ र ७ स्थित दलित बस्तीमा नागरिकताको समस्या अझै भयावह रहेको एक तथ्याङ्क ले देखाएको छ । वडाहरूमा जन्मदर्ता, विवाह दर्ता र नागरिकताको ठूलो समस्या पाइएपछि 'व्यक्तिगत घटना दर्ता गराऔं'अभियानसमेत सुरु गरिएको छ ।

द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले बोदे बर्साइन नगरपालिका-५, ६ र ७ वडाका दलित समुदायलाई लक्षित गरी व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरेको श्रीपुर ाज सामुदायिक विकास केन्द्रका कार्यक्रम संयोजक लालु रामले जानकारी दिनुभयो । नागरिकता र जन्मदर्ताबाट वञ्चित रहेका अधिकांशले जन्मदर्ताकै कारण पढ्न नसकेकाले व्यक्तिगत विवरण दर्ताको अभियान थालिएको उहाँले बताउनुभयो ।

जनचेतनाको अभावमा नागरिकता र जन्मदर्ताको महत्व नबुझेर पूर्वजले समयमा जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता नबनाइदिँदा अहिलेका सन्तति पहिचान विहिन बन्नु परेको बोदे बर्साइन नगरपालिका-७ का वडाअध्यक्ष बिजली कापैरले बताउनुभयो । आवश्यक प्रमाण जुटाउन नसक्दा जन्मदर्ता र नागरिकताको सिफारिस गर्न कठिनाइ भइरहेको उहाँको भनइ थियो । वडाअध्यक्ष कापैरले नागरिकता विहिन परिवारको नागरिकतासम्बन्धी समस्या समाधानका लागि पहल गरिरहेको बताउनुभयो । रासस

बारामा टोकन प्रणालीबाट नागरिकता वितरण गरिने

टुडे समाचारदाता

बारा । जिल्ला प्रशासन कार्यालय बाराले २०६३ मा नागरिकता टोलीमार्फत जन्मसिद्ध नागरिकता पाएका नागरिकका सन्तानलाई आइतबारदेखि टोकन प्रणालीबाट वंशजको आधारमा नागरिकता वितरण गर्ने भएको छ ।

कार्यालयले शनिबार सूचना प्रकाशित गरी नागरिकता वितरणबारे जानकारी दिएको हो ।

कार्यालयमा जनशक्ति (कर्मचारी), साधन स्रोतको अभावसँगै सेवाग्राहीको बढ्दो चापलाई ख्याल गरी सहज, सरल, पारदर्शी र छिट्टो छरितो सेवा दिने उद्देश्यले अनलाइन टोकन प्रणालीबाट नागरिकता वितरण गरिने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए । यसका लागि कार्यालयले वेबसाइट र क्यूआर कोडसमेत बनाएको छ ।

'आइतबारबाटै यो व्यवस्था मिलाइएको छ,' प्रमुख जिल्ला अधिकारी सापकोटाले भने, ' अनलाइनमार्फत नागरिकतासम्बन्धी

विवरण प्रविष्ट गरेपछि तोकिएको दिनमा सेवाग्राहीले कार्यालयमा आएर सेवा लिन सक्नेछन् । यसरी गर्दा कार्यालयमा भीड पनि कम हुने र सेवाग्राहीलाई हैरानी पनि हुँदैन, त्यसैले यस्तो व्यवस्था मिलाएका छौं ।'

कार्यालयमा कर्मचारी एकदम न्यून छ, त्यसमा पनि प्रतिलिपी उपलब्ध गराउने, मिटरब्याजको निवेदन हेर्ने काम पनि त्यत्तिकै धेरै छ, त्यसैले समस्या उत्पन्न भई टोकन प्रणाली लागू गरिएको उनले बताए ।

नेपाल नागरिकता ऐन (पहिलो संशोधन) २०७९ कार्यान्वयन गर्ने क्रममा जन्मको आधारमा नागरिकता लिएको सन्तानलाई वंशजको नाताले नागरिकता दिन लागिएको हो । नागरिकतासम्बन्धी संवैधानिक र कानुनी अड्चन र जटिलतालाई सर्वोच्च अदालतले बिहीबार टुंगो लगाएपछि नागरिकता वितरण गर्न लागिएको हो ।

नागरिकता ऐन राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि सर्वोच्चमा रिट परेको थियो । रिट परेपछि सर्वोच्चले अन्तरिम आदेश गरेको थियो । त्यसपछि अन्तिम सुनुवाइमा अन्तरिम आदेश खारेज भएपछि नागरिकता वितरण गर्ने बाटो खुलेको हो ।

पाँचदिने विपद् अभ्यास हातेमालो कार्यक्रम

विराटनगर । नेपाली सेनाको मोरङ थलाहस्थित भैरव गणले आयोजना गरेको विपद् व्यवस्थापनसम्बन्धी पाँचदिने ' अभ्यास हातेमालो-५' शनिबार सम्पन्न भएको छ ।

> ***पाँचदिने अभ्यासका क्रममा सरोकारवालानिकायलाई अभ्याससम्बन्धी जानकारी दिनुका साथै सरोकारवाला निकायका काम कर्तव्य, जिम्मेवारी, क्षमता र तयारीका बारेमा प्रस्तुतीकरण गरिएको थियो ।***

विपद् व्यवस्थापनसँग सम्बन्धित निकायको काम, कर्तव्य, जिम्मेवारी, क्षमता र तयारीका बारेमा एकआपसमा जानकारी आदान गर्ने उद्देश्यले हातेमालो कार्यक्रम सञ्चालन गरिएको हो । जिल्लामा हुने बाढी, पहिरो, डुबान, आगलागी तथा भूकम्पका समयमा जनधनको क्षतिको न्यूनीकरण एवं राहत र उद्धारका कार्यमा विपद् व्यवस्थापनसँग सम्बद्ध सम्पूर्ण निकायलाई समन्वयात्मक ढङ्गबाट परिचालन लागि अभ्यास कार्यक्रमको आयोजना गरिएको गणका गणपति प्रमुख सेनानी अमृत थापा मगरले जानकारी दिनुभयो ।

पाँचदिने अभ्यासका क्रममा सरोकारवाला निकायलाई अभ्याससम्बन्धी जानकारी दिनुका साथै सरोकारवाला निकायका काम कर्तव्य, जिम्मेवारी, क्षमता र तयारीका बारेमा प्रस्तुतीकरण गरिएको थियो ।

विपद्को काल्पनिक परिस्थितिको परिकल्पनाका आधारमा सहभागीहरूबीच समूहगत विभाजन गरी उक्त परिस्थितिमा के कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषयमा अन्तरक्रिया गरिएको सेनानी थापा मगरले बताउनुभयो ।

अभ्यासमा जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय मोरङ, नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, विराटनर महानगरपालिका, कटहरी र धनपालथान गाउँपालिकाले विपद् एवं राहत तथा उद्धार सम्बन्धी प्रदर्शन गरेका थिए ।

समापन समारोहमा मोरङका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले यस प्रकारको कार्यक्रमले क्षमता विकास भई विपद्को समयमा उद्धारमा सहयोग पुग्ने बताउनुभयो ।

सेनाका थलहाका गणपति प्रमुख सेनानी थापा मगरले विपद्को समयमा छिटोछरितो किसिमले उद्धार गरी जनधनको क्षति न्यूनीकरण अभ्यासले सहयोग पुग्ने विचार राख्नुभयो ।

कार्यक्रममा बाढीपहिरा आएको अवस्थामा गरिने उद्धारको पूर्व अभ्यास तथा उद्धारका लागि प्रयोग गरिने सामग्रीको प्रदर्शन गरिएको थियो । रासस

'राजद्रोही राजनेता' वृत्तचित्र विपी संग्राहलयमा

काठमाण्डु । 'राजद्रोही राजनेता' वृत्तचित्र विपी संग्राहलय सुन्दरीजलमा प्रदर्शनी गरिएको छ । सुशील कोइराला मेमोरियल फाउण्डेशन, अन्वेषण न्यूज डटकम र विपी संग्राहलयको आयोजनामा वृत्तचित्र प्रदर्शनी गरिएको हो ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालाको तस्वीरमा माल्यार्पण गरी विपी फाउण्डेशनका अध्यक्ष एवं नेपाली कांग्रेसका पूर्वमहामन्त्री डा. सशांक कोइरालाले कार्यक्रम शुभारम्भ गर्नुभएको थियो । विस २०३३ पुस १६ गतेदेखि विस २०३६ मा जनमत संग्रहको घोषणासम्मका विपी कोइरालाका केही महत्वपूर्ण गतिविधि वित्तचित्रमा समेटिएको छ ।

वृत्तचित्र अवलोकन गर्न पूर्वमन्त्रीद्वय चित्रलेखा यादव र तारणीदत्त चटौत, बाग्मती प्रदेशका पूर्वप्रमुख अनुराधा कोइरालालगायत वरिष्ठ पत्रकार तथा समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तित्व सहभागी हुनुहुन्थ्यो । अवलोकनपछि

> ***विस २०२५ मा नेताहरुलाई जेल मुक्त गरिएको थियो भने विस २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिइ स्वदेश फर्कनुभएका विपी लगायतका नेतालाई विमानस्थलबाटै पक्राउ गरी फेरी सुन्दरीजल लगिएको थियो ।***

प्रतिक्रिया दिदै वरिष्ठ पत्रकार किशोर नेपालले विपीका विषयमा समग्र जीवनी झल्कने वृत्तचित्रको आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा फाउण्डेशनका सदस्य सचिव अतुल कोइराला, अन्वेषण न्यूज डटकमका प्रधानसम्पादक जगत नेपाल र संग्राहलय समितिका अध्यक्ष परशुराम पोखेलले वृत्तचित्रमा समेटिएका घटना क्रमकाबारेमा जानकारी गराउनुभएको थियो ।

विस २०१७ पुस १ गते राजनीतिक घटनापछि विपी, गणेशमानसिंह, कृष्णप्रसाद भट्टराईलगायतका नेतालाई सुन्दरीजल बन्दीगृहमा बन्दी बनाइएको थियो ।

विस २०२५ मा नेताहरुलाई जेल मुक्त गरिएको थियो भने विस २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिइ स्वदेश फर्कनुभएका विपी लगायतका नेतालाई विमानस्थलबाटै पक्राउ गरी फेरी सुन्दरीजल लगिएको थियो ।

विपीलाई करिव १० बर्ष बन्दी बनाइएको बन्दीगृहलाई सरकारले २०६१ भदौ २४ गते विपी जयन्तीका अवसरमा संग्राहलयमा रुपान्तरण गरेको थियो । रासस

अनि जन्मियो जनकपुरमा 'मिथिला थाली'

जनकपुरधाम । करिब पाँच महिनाअघि 'मास्टर सेफ' उपमाले परिचित सन्तोष साह बेलायती साथीलाई लिएर जनकपुरधाम आउनुभएको थियो । आफ्नो जन्मथलो जनकपुरधामको परिवेशबारे बेलायती साथीलाई साक्षात्कार गराउनु साहको उद्देश्य थियो ।

'मिथिला थाली'बाटै बिबिसीको 'मास्टर सेफ' उपविजेता बन्नुभएका साहको उद्देश्य मिथिलाञ्चलको ऐतिहासिक राजधानीको सांस्कृतिक एवं ऐतिहासिक गौरवसँग जोडिएका विविध पक्षबारे साथीहरूलाई दिनुका साथै स्थानीय परिकारको स्वाद चखाउनु पनि थियो । तर त्यति धेरै प्रयास गर्दा पनि खोजे र रोजेजस्तो परिकार खुवाउन नपाएकोमा साहलाई अझै पनि पछुतो छ ।

त्यसको केही समयपछि जनकपुरका स्थानीय परिकारको प्रचार गर्ने उद्देश्यसहित अर्कोपटक जनकपुर आउने कार्यक्रम त बन्यो तर खोजे र रोजेजस्तो खाना खान नपाउने समस्या फेरि दोहोरिने भयो । त्यसैले उहाँले साथीकै रेस्टुराँमा खाना खाने निधो त गर्नुभयो । तर दुई घण्टा कुर्दा पनि ताजा खाना खान पाउनुभएन । त्यसपछि मात्रै जनकपुरधाममा 'मिथिला थाली' रेष्टुराँ सञ्चालन गर्ने योजना जन्मिएको साहको भनाइ छ । "म यही माटोमा जन्मिएँ, हुर्किएँ र यहींको परिवारले ख्याति पनि कमाएँ", उहाँले भन्नुभयो, "यसै क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच त थियो तर यति चाँडै गरौंला भन्ने तयारी थिएन ।" ती दुई अनुभवबाट प्राप्त सिकाइले जनकपुरमा मिथिला थाली जन्मिएको उहाँको भनाइ छ ।

'मिथिला थाली व्यापारमात्रै होइन'

मिथिला थाली सञ्चालन गर्ने भएपछि त्यसको सम्भावना, मौलिक परिकारका लागि आवश्यक कच्चा पदार्थको उपलब्धता बुझ्न साहलाई गाउँ पस्नुपर्यो । जसमा साहलाई दाई दिलीपकुमारले सहयोग गर्नुभयो । तर गाउँमा भने जस्तो सामान पाउन भने गाह्रो भयो ।

"युवाहरू वैदेशिक रोजगारीमा गएपछि पहिले जस्तो खेती नहुने रहेछ । उत्पादन कम हुन थालेपछि खोजेको जस्तो सामान भेट्न गाह्रो भयो", उहाँले

भन्नुभयो । साहले चार महिनामा गाउँबाट करिब चार सय केजी ' बिर्या' जम्मा गर्नुभयो ।

बेथेको सागबाट बन्ने एक केजी बिर्याका लागि करिब १० केजी साग आवश्यक पर्छ । अग्रिम भुक्तानी गरेर सङ्कलन गरेको चार सय केजी बिर्याले मुस्किलले एक महिनामात्रै पुग्ने साहले बताउनुभयो । त्यसैगरी पाँच सय केजी आँपको अचार, तिलौरी (चामलको कनिकाबाट बन्ने) र एउटा मिथिला थालीमा राखिने १५ देखि १७ प्रकारका परिकारका लागि आवश्यक सामग्री स्थानीय बजार र गाउँघरबाट ल्याइएको उहाँको भनाइ छ । साहले नेपाली खानाको मौलिकता र विविधतालाई संरक्षण गर्ने, गृहिणीलाई उत्पादनसँग जोडेर एक रुपैयाँमात्रै भए पनि घर-घरसम्म पुर्याउने सपनासहित मिथिला थालीमार्फत परिकारको प्रवर्द्धनमा जुटेको बताउनुभयो ।

सन् १९९९ मा भारत प्रवेश गरेदेखि बेलायतमा रहँदासम्म विभिन्न जातजातिका मौलिक नेपाली परिकार बनाउन सिक्नुभएका साहले मिथिला परिकार सिक्न थालेको भने पाँच वर्षमात्रै भएको राससलाई सुनाउनुभयो । "चौध वर्ष इन्डियामा काम गरें । त्यसपछिका १३ वर्ष लन्डनमा बिताए । म भारतीय खानको सेफ भए पनि यसबीच थकाली, नेवारी, थारूदेखि धेरै नेपाली खानाका परिकारबारे पढें र जान्ने मौका पाएँ", उहाँले भन्नुभयो। जीविका चलाउनका लागि अनेकन परिवार बनाए पनि बिबिसीबाट प्रसारित ' मास्टर सेफ प्रोफेसनल्स् २०२० ' मा उपविजेता भने 'मिथिला थाली'ले नै बनाएको उहाँको भनाइ छ ।

"त्यसैले यो संस्कृति जोगाउने दायित्व मेरो पनि हो भन्ने म ठान्छु, सोही आधारमा म अगाडि बढेको हुँ ।" उहाँ उपविजेता बनेपछि विश्वमा मैथिली परिकारबारे चर्चा भए पनि नेपालमा भने मिथिला क्षेत्रका मौलिक परिकार लोपोन्मुख अवस्थामा भएको उहाँको अनुभव छ ।

नयाँ पुस्ताले मिथिलाका परिकारको स्वाद लिन नपाउनेमात्रै होइन, तिनको अस्तित्व नै हराउने डरले पनि मिथिला थाली खोल्न उद्वेलित गरेको साहको भनाइ छ ।

लक्ष्य: पाँच वर्षमा एक सय ' मिथिला थाली'

भारतमा नौ सय भारु तलबबाट जागिरे जीवन सुरु गर्नुभएका साहसँग यतिबेला नाम र दाम दुवै छ । उहाँलाई नामले मात्रै लाखौं कमाउने अवसर छ। तर उहाँ त्यतिमै मात्र सीमित हुन चाहनुहुन्न ।

"जागिरबाट कर्जन्हाबाट वैदेशिक रोजगारीमा जाने युवाले के पाउँछन् ?, पाँच वर्षको उमेरमा बुवा गुमाएर सात सन्तान हुर्काउन एकल आमाले के पाउँछन् ?", उहाँले भन्नुभयो, "मलाई यी प्रश्नले घोच्यो र उत्तरका रुपमा मिथिला थाली जन्मियो ।"

साहसँग पाँच वर्षभित्र नेपाल र विश्वका विभिन्न एक सय स्थानमा मिथिला थाली पुर्याउने लक्ष्य छ । उहाँको यो लक्ष्यमा हिमालयन ग्लोबल इन्भेस्टमेन्ट कम्पनी जोडिएको छ। "यो व्यापारमात्रै होइन, अभियान पनि हो । यसको सफलतासँगै प्रत्यक्षरूपमा तीनदेखि चार सयले रोजगारी पाउँछन्", उहाँले भन्नुभयो, "ती रेस्टुराँमा एकल महिलाले काम गर्नेछन् । उत्पादनसँग जोडिने भएपछि सयौं गृहिणी तथा किसान पनि लाभान्वित हुनेछन् ।" प्रत्येक मिथिला थालीमा रु एकदेखि तीनसम्म गरिब, अनाथ, असहाय, एकल महिला र छोरीहरूमा खर्च गरिने उहाँको भनाइ छ ।

गत असार ६ गते आमाको हातबाट उद्घाटन गरिएको मिथिला थालीमा करिब रु दुई करोड लगानी भएको छ । त्यसयता थालीप्रतिको मानिसहरुको आकर्षणले साहलाई थप हौसला मिलेको छ । साथै उहाँको पञ्चवर्षीय योजना सफल हुनेमा विश्वास बढेको छ ।

'कोसिस गर्नेहरुको हार हुँदैन'

सिरहाको कर्जन्हा नगरपालिका-९ सूर्यानी टोलमा जन्मनुभएका साहले पाँच वर्षको उमेरमा बुवा गुमाउनुभयो । त्यसपछि आमा एक्लैले आफूसहित सात सन्तान हुर्काउँदाको सङ्घर्ष साहले नजिकबाट बुझ्नुभएको छ । एकल महिलाका रुपमा आमाले खानेकुराको जोहो र चुल्होमा खाना पकाउन गरेको मेहनत साहले अनुभव गर्नुभएको छ । त्यही सङ्घर्षले खारिएकै कारणले आफू यहाँसम्म आइपुगेको उहाँको भनाइ छ ।"सानैदेखि स्थानीय अन्नका परिकारसँग निकट हुन पुगें । जीविका चलाउन आमासँगै हटियामा पाउरोटी बेच्ने सङ्घर्षसँगै आज खाए भोलि पुग्ला कि नपुग्ला भन्ने अवस्थाले नि धेरै कुरा सिकायो", उहाँले भन्नुभयो, "पारिवारिक अवस्था, स्थानीय परिवेश, कला, संस्कृतिको प्रभाव ममाथि पर्यो ।"

अभावै अभावका बीच कक्षा १० सम्म पुगेपनि साहले फलामे ढोका एसएलसी भनेपास गर्न सक्नुभएन । त्यसपछि अध्ययन छाडी १५ वर्षको उमेरै उहाँ कर्जन्हाबाट भारत जानुभएको थियो ।

"एसएलसीमा अनुत्तीर्ण भएँ । अर्को परीक्षा कुर्नुभन्दा पैसा कमाउनुपर्छ भन्ने लागेपछि गाउँकै केही साथीहरुसँग भारत गएँ", उहाँले भन्नुभयो, "अरु सीप नभएपछि रेष्टुराँमा भाँडा माझ्न सुरु गरें ।"

एसएलसी पास गर्न नसके पनि कामबाटै धेरै कुरा सिक्ने मौका पाएँ । होटलमा काम गर्दै गर्दा होटल म्यानेजमेन्ट कोर्ष पनि पढें । त्यही कोर्षले जागिरे जीवनको कोर्ष नै बदल्न सहयोग गर्यो । पछि कुक हुँदै सात वर्षमा पाचँतारे होटलको ' एक्ज्युकेटिभ सेफ' पनि भएँ ।"

साह एसएलसीमा अङ्गेजी विषयमा फेल हुनुभएको थियो । त्यतिबेला त्यसो नभएको भए सायद साहको जीवनको बाटो नै अर्को हुन्थ्यो होला । भनिन्छ, कोसिस गर्नेहरूको हार कहिल्यै हुँदैन । साहले पनि त्यही गर्नुभयो जसले आजको ठाउँमा पुर्यायो ।

"सङ्घर्ष नै सफलताको आधार हो । मेरो सङ्घर्षले आज सफलताको नजिक पुर्याएको छ । अब मबाट अरु कति खुसी हुन्छन् भन्ने कुराले सफलताको मापन हुनेछ । म जुन विषयमा अनुत्तीर्ण भएर गाउँ छाड्न बाध्य भएको थिएँ, संयोग नै मान्नुपर्छ आज त्यही कक्षा, त्यही विषयको पाठ् यक्रममा मेरो बारेमा पढाइ हुन थालेको छ", उहाँले भन्नुभयो ।

आम युवालाई उहाँको सुझाव छ- एउटा बाटो छेकिँदैमा जीवनको गति रोक्नु हुँदैन । अर्को बाटो निर्माण गर्न लाग्नुपर्छ, एक दिन अवश्य सफल भइन्छ । रासस

सिन्धुलीमा बाढीपहिराबाट ३१ घरमा क्षति

सिन्धुली । सिन्धुलीको गोलञ्जोर गाउँपालिका-२ बितिजोरमा बाढीपहिराबाट ३१ घरमा क्षति पुगेको छ । बाढीले खेतसमेत बगाएको छ ।

शनिवार बिहान आएको बाढीले पाक्न लागेको मकै र रोपाइ गर्न राखिएको धानको ब्याडसमेत बगाएको छ । बाढीपहिराबाट पशुचौपाया र कखुरा पनि नष्ट गरेको वडाध्यक्ष दौलत कार्कीले जानकारी दिनुभयो । लगातारको वर्षापछि खसेको पहिरो र खोल्सामा लेदोसहित आएको बाढीले बितिजोरको कुखुरेटारका चित्रबहादुर माझीको गोठ बगाउँदा पाँच सुँगुर र ६० कुखुरा मरेका छन् ।

"बाढीपहिराले बितिजोरका कखुरेटार, तीनमाने, कटहरे र भालुखोलाका बासिन्दाको घरमा क्षति पुगेको छ । क्षतिको विवरण संकलन गरिरहेका छौं", वडाध्यक्ष कार्कीले भन्नुभयो- "रोपाइँका लागि तयार हुँदै गरेको धानको ब्याड चिनोमानो नरहने गरी पुरिँदा किसान मर्कामा परेका छन् ।" रासस

मधेश प्रदेश सरकार
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
मधेश प्रदेश, जनकपुरधाम, धनुषा
संशोधन सम्बन्धी सूचना
यस प्रतिष्ठानको मिति २०८०/०२/१९ गते पृष्ठ ५ मा प्रकाशित सूचनामा Construction of department of oncology Surgical Block हुनु पर्नेमा Procurement of Medicine Items हुन गएकोले संशोधन गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

जनतालाई राहत खोई ?

संघीय राजधानीसमेत रहेको काठमाण्डु महानगरपालिकाका मेयर बालेन साह भारतीय चलचित्र युगपुरुषको विषयमा खुब चर्चा पाएका छन् । मेयर साहले त्यस फिल्मको प्रदर्शनमा रोक लगाएर चर्चा बटुलेका छन् । तर त्यो भन्दा पनि महत्वपूर्ण काम उनले २४ घण्टा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएर गरेका छन् । काठमाण्डु महानगरपालिकाका एम्बुलेन्सले २४ घण्टा नै सेवा प्रदान गरिरहेको छ । देशभरिमै काठमाण्डु महानगरपालिकाले मात्र यस्तो सेवा उपलब्ध गराएका छन् । यसका लागि काठमाण्डु महानगरपालिकाले कयौं एम्बुलेन्स सञ्चालन गरिरहेका छन् । त्यसैगरी, मेयर साहले साउन महिनादेखि काठमाण्डुमा सहुलियत दरको औषधि पसल सञ्चालन गर्नेभएका छन् । अधिकांश चोकहरुमा महानगरपालिकाको औषधि पसल साउनदेखि नै सञ्चालनमा आउने भनिएकोछ । त्यसले पनि आमनागरिकलाई ठूलो राहत मिल्नेछ । स्थानीय तहले आमनागरिकलाई तत्काल राहत हुने सेवाहरु प्रभावकारी ढंगले सञ्चालन गर्नु आवश्यक छ । खास गरी शिक्षा र स्वास्थ्यको क्षेत्रमा काठमाण्डु महानगरपालिकाका मेयर बालेन साहले गरेको प्रयास अत्यन्त सकारात्मक छ । उनले महानगर क्षेत्रका सबै अस्पताललाई कम्तीमा १० प्रतिशत शैय्या अनिवार्य रुपमा निःशुल्क सञ्चालन गर्न लगाएका छन् । मेयर साहले महानगरमा शौचालय र पार्किंगको व्यवस्थालाई सहज बनाएका छन् । ती सबै काम अन्य पालिकाहरुले पनि गर्न सक्छन् । शिक्षा र स्वास्थ्यमा सुधार ल्याउन पालिकाका प्रमुखले धेरै लगानी गर्नुपर्ने आवश्यकता पनि छैन् । पालिका भित्र रहेका स्वास्थ्य संस्था र शिक्षण संस्थालाई प्रभावकारी र गुणस्तरीय सेवा सहज र सुलभ ढंगले उपलब्ध गराउने वातावरण बनाउनुपर्छ । पालिका भित्रका शिक्षण संस्थाहरु निजी र सामुदायिक दुबै गुणस्तरमा सुधार हुनु आवश्यक छ । शिक्षण संस्थामा हरेक पालिकाले विशेष ध्यान दिनु आवश्यक छ । देशको शिक्षा, स्वास्थ्यमा सुधार भए अन्य धेरै क्षेत्रमा सकारात्मक प्रभाव देखिनेछ । पालिकाहरुसित गर्नका लागि पर्याप्त काम र त्यसका लागि चाहिने आवश्यक कानुन छ । हरेक पालिकाले काठमाण्डु महानगरपालिका जस्तो साधन, स्रोतको प्रयोग गर्न सहज नहोला । तर अत्यावश्यक कामहरु गर्न पालिकालाई साधन, स्रोतको अभाव पनि छैन् । स्थानीय तह पनि सरकार हो । कानुनी रुपमा स्थानीय तहको ठूलो हैसियत छ । त्यसलाई उपयोग गर्न सक्नु आवश्यक छ । पालिकाहरुले अहिले बजेट निर्माण गर्न लागेका छन् । बजेट बनाउँदा साधारणतर्फको भन्दा पुँजीगत खर्च बढाउन जोड दिनुपर्छ ।कर्मचारीको तलब,भत्ता, इन्धन लगायतमा लगानी कटौती गर्नुपर्छ । विकासतर्फको खर्चलाई बढाउनुपर्छ ।विकास खर्च नबढेसम्म जनताले परिवर्तनको अनुभूति गर्न सक्दैनन् । काठमाण्डु महानगरका मेयरले गर्नसक्ने काम सबै पालिकाका प्रमुखले पनि गर्न सक्छन् । साधन, स्रोतको कमीका कारण त्यति गर्न नसके पनि शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा आमूल परिवर्तन गर्न सक्छन् । हरेक पालिकाले काठमाण्डुकै नक्कल गर्नु आवश्यक छैन् ।तर हरेक पालिकाका प्रमुखले अठोटका साथ अगाडि बढनु आवश्यक छ ।

असारे विकास जस्तै बन्दैछ स्थानीय तहको असारे बजेट

राजीव कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको व्यवहारिक प्रयोगको प्रतिबिम्ब तीन तहको सरकारले निर्माण गर्ने स्वतन्त्र स्वबजेटमा देखिनु पर्दछ । नेपालमा रहेको एक संघीय, सात प्रादेशिक र ७५३ स्थानीय सरकारको आगामी वर्षको आ-आफ्नो राजश्व र व्ययको अनुमान (बजेट) प्रस्तुत गर्ने समयसीमाको सन्दर्भमा प्रष्ट संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ । नेपालको संविधानको धारा ११९(३) मा नेपाल सरकारको वार्षिक बजेट अर्थमन्त्रीले प्रत्येक वर्ष जेठ महीनाको १५ गते संघीय संसदमा पेश गर्ने प्रावधान रहेको छ भने संविधानको धारा ५९(३) मा प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने संवैधानिक व्यवस्था गरिएको छ । प्रदेश र स्थानीय तहको बजेट पेश गर्ने समय सीमा लगायतको विषयमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रबन्ध गरिएको छ । उक्त ऐनको दफा २१ मा प्रदेश सरकारको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गते भित्र प्रदेश सभामा र गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गते भित्र गाउँ वा नगर सभामा बजेट पेश गर्नु पर्ने कानुनी व्यवस्था गरिएको छ । स्थानीय तहको लागि मार्गदर्शक संघीय कानूनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा पनि स्थानीय तहले असार महिनाको १० गते भित्र बजेट पेश गर्ने व्यवस्था रहेको छ । यस बाहेक राष्ट्रिय योजना आयोगले पनि बजेट निर्माणका सन्दर्भमा प्रदेश र स्थानीय तहको लागि छुट्टाछुट्टै बजेट तर्जुमा दिग्दर्शन प्रकाशन गरि सहजिकरण गरेको छ ।

राष्ट्रिय बजेटको लागि सबैको ध्यान नेपाल सरकारले ल्याउने जेठ १५ गतेको बजेटमा नै हुन्छ । सबैभन्दा बढी चासो यहि केन्द्रीय सरकारको बजेटमा हुने गर्दछ । यसो हुनु पछाडिको कारणहरुमा ठूलो आकारको बजेट हुनु, सर्वाधिक साधनस्रोतको प्रयोग हुनु, लोककल्याणकारी कार्यक्रमहरुको अत्यधिक अपेक्षा हुनु, समग्र राष्ट्र सञ्चालनको रणनीतिक तथा आर्थिक खाकाको रुपमा प्रस्तुत हुनु र प्रदेश तथा स्थानीय तहको बजेटको मुख्य स्रोत रहेको वित्तीय हस्तान्तरण समेत यसै बजेटबाट आधिकारिक रुपमा सार्वजनिक हुनु जस्ता विषयलाई लिन सकिन्छ ।

प्रदेश सरकारले बनाउँदै आएको बजेटले अहिलेसम्म जनतालाई खासै आकर्षित पार्न सकेको छैन् । प्राविधिक रुपमा बजेटका मान्यताहरुलाई स्वीकार गरि बजेट ल्याइएको दाबी प्रदेश सरकार हरुबाट भए पनि जनचासो बढन सकेको देखिदैन । प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन हुने गरि राख्ने अधिकांश आयोजनाहरु विवादित बन्ने गरेको छ । राजनैतिक स्वार्थ र आर्थिक प्रभावमा आयोजना बाँडिने गरेको आरोपबाट प्रदेश सरकार पनि मुक्त हुन सकेको छैन् ।

तीन तहको सरकार मध्ये सबैभन्दा पछि स्थानीय सरकारले बजेट ल्याउने गर्दछ । स्थानीय सरकार जनताको सबभन्दा नजिकको सरकार समेत भएकाले जनसहभागितामा नै बजेट तर्जुमा हुनुपर्ने सैद्धान्तिक अवधारणालाई आत्मसात गरिएको छ । सबैभन्दा अन्त्यमा बजेट आउने भएकाले अरु सरकारले समावेश गर्न छुटाएका कार्यक्रमको सम्बोधनको जनअपेक्षा समेत यहि स्थानीय सरकारको बजेटमा हुने गर्दछ ।

कानुनी प्राबधान बमोजिम संघ र प्रदेशको हकमा बजेट प्रस्तुत गर्ने दिन नै किटानी गरिएको छ । प्रदेश सरकारले प्रत्येक वर्ष असार महिनाको १ गते भित्र बजेट पेश गर्ने भनिएको प्राबधानमा १ गते भित्र भनिए पनि कुनैपनि महिनामा १ गते भन्दा अगाडि अन्य कुनै गते नआउने भएकाले प्रष्टसंग असार १ गते नै कानुनमा भनेको भए बुझ्नलाई अझ सरल र सहज हुने देखिन्छ । स्थानीय तहको सवालमा बजेट प्रस्तुत गर्ने समय प्रत्येक वर्ष असार महिनाको १० गते भित्र भनिएकोले ७५३ स्थानीय तहको बजेट पेश गर्ने दिनमा एकरुपता नहुने प्रबल सम्भावना विद्यमान रहेको देखिन्छ । एकातिर कानुनमा स्पष्ट दिन किटान नगरिएकाले स्थानीय तहहरु आ-आफ्नो सहजतामा बजेट पेश गर्ने गरेको देखिन्छ भने अर्कोतिर कसले अरुभन्दा पहिले बजेट पेश गर्ने भनेर चर्चामा आउन पनि पूर्ण तयारी बिना नै अधुरो बजेट पेश गर्ने होडबाजी समेत चलेको छ । कानुनमा असार महिनाको १० गते 'भित्र' भन्ने शब्द राखिएकाले असार बाहेक अन्य महिना हुन नसक्ने कुरा स्पष्ट भएपनि गतेको सन्दर्भमा १० गते सम्मको जुनसुकै गते हुन सक्ने अवस्था रहेको छ । यस्तो परिदृश्यमा पहिलो बजेट पेश गरेको उपाधि प्राप्त गर्न खोज्ने स्थानीय तहहरुले आगामी वर्षहरुमा १ गते नै प्रतिस्पर्धाका नाममा केबल बजेट अधिवेशनको ब्यानर झुन्डियाई गाउँ वा नगर सभाको नाटक मञ्चन गर्न खोज्ने प्रवृति बढदै जान सक्ने कुरा पनि ठाढै अस्वीकार गर्न सकिदैन ।

राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा आवधिक योजना, मध्यकालिन खर्च संरचना र बजेट तर्जुमा सम्बन्धी प्रक्रियागत व्यवस्था गरिएको छ । स्थानीय तहको बजेट निर्माणका लागि मार्गदर्शक पथका रुपमा रहेको यस दिग्दर्शनमा बजेट निर्माणका ७ चरणमा २४ कार्य गर्नुपर्ने प्राबधान राखिएको छ । जस अन्तर्गत पहिलो चरणमा बजेटको पूर्व तयारी सम्बन्धी कार्य मंसिर मसान्त भित्र नै शुरु गरी दोस्रो चरणमा श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण, तेस्रो चरणमा बस्ती/टोल स्तरबाट योजना छनोट, चोथौं चरणमा वडा स्तरीय योजना प्राथमिकता निर्धारण, पाँचौं चरणमा एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा, छैठौं चरणमा असार १० गते भित्र कार्यपालिकाबाट स्वीकृति र सभामा पेश, सातौं अर्थात अन्तिम चरणमा असार मसान्त भित्र सभाबाट स्वीकृति र राजपत्रमा प्रकाशन गर्ने र साउन १५ गते भित्र बजेट पुस्तिका तयारी तथा छपाई गर्ने कानुनी व्यवस्था रहेको छ । नेपालको संविधानको धारा २३२ मा तीन तहको सरकार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा सञ्चालन हुने परिकल्पना गरिएकाले तीन तहको बजेट निर्माणको विषय पनि एक अर्कासंग अन्तर सम्बन्धित बन्न पुगेको छ । बजेटका लागि स्थानीय तहले पाउने अनुदान र राजश्व बाँडफाँड तथा रोयल्टीको सीमा र मार्गदर्शन संघबाट फागुन र प्रदेशबाट चैत मसान्तभित्र प्राप्त गर्ने प्राबधान रहेको छ । तर तत् तत् सरकारको बजेट पेश हुने समयमा मात्र यस्ता जानकारी स्थानीय तहले प्राप्त गर्ने गरेको वर्तमान यथार्थ रहेको छ । संघ र प्रदेशबाट भएको यस्तो कानुनी व्यवस्थाको बेबास्ताका कारण कतिपय स्थानीय तहले प्रदेश सरकारको बजेट आउने दिन अर्थात् असार १ गते सम्म कुनै प्रक्रिया नै नबढाई हातमा दहि जमाएर बसिरहेको देखिन्छ ।

स्थानीय तहले बजेट तर्जुमाका लागि बजेटको पूर्व तयारी देखि राजपत्रमा प्रकाशन सम्मको कार्यक्रम रहेको मंसिर देखि असार मसान्तसम्मको ८ महिने कार्यतालिका नै रहेको छ । तर तीनै तहको सरकारको नजरअन्दाजका कारण यस्तो कानुनी व्यवस्थाको उल्लंघन हुँदै आएको छ । यसका लागि तिनै तहका सरकारले जिम्मेवारी लिनु नै पर्ने हुन्छ । स्थानीय तह 'जनताको घर आँगनको सरकार' भएकाले टोल/बस्तीबाट योजना छनौट हुनुपर्ने मान्यता समेत राखिएको देखिन्छ जसको व्यवहारिक प्रयोग न्यून रुपमा हुने गरेको छ ।

बजेट भनेको आयोजनाको नाम र सो आयोजना सञ्चालनका लागि विनियोजित रकमको संगालो मात्र होइन । स्थानीय तहको सभामा असार १० गते पेश हुने बजेट त कार्यपालिकाबाट स्वीकृत भइ आएको राजश्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान, वार्षिक विकास कार्यक्रम, मध्यकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक सहितको सरकारको राजनीतिक, सामजिक एवम् आर्थिक दर्पण हो । तर यस्तो दर्पणमा स्थानीय जनताको चाहना र विकासका सम्भावना प्रतिबिम्बित हुन नसकेको जनगुनासो व्यापक रुपमा बढदै गएको पाइन्छ । स्थानीय तहको बजेट निर्माणका लागि आवश्यक पर्ने आबधिक योजना, अद्याबधिक पार्श्वचित्र (प्रोफाइल) तथा आवश्यक तथ्याङ्क समेतको अभाव रहने गरेको छ । यसका अतिरिक्त नवीन प्रशासनिक तथा राजनीतिक संघीय संरचना, दक्ष जनशक्तिको अभाव, प्रक्रियागत नवीनता एवम् जटिलता, असहज र चुनौतीपूर्ण कार्य वातावरण, स्वार्थगत राजनैतिक दबाब र प्रभाव जस्ता समस्याहरुले स्थानीय सरकारको वार्षिक बजेट पनि असारे विकासको नयाँ संस्करणको रुपमा प्रस्तुत हुन थालेको प्रतित भइरहेको छ ।

स्थानीय सरकारको बजेट विकासिय सपनाको नवीन सोच नभइ अनिवार्य वार्षिक दायित्वको कर्मकाण्डी प्रहसन मात्र बन्न पुगेको सत्यलाई अस्वीकार गर्न गाह्रो छ । स्थानीय तहको सर्वाङ्गीण विकासका लागि आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरणका साथै सुशासन तथा संस्थागत विकास क्षेत्रमा सूचक निर्धारण गरी बजेट विनियोजन गर्ने प्रावधान राखिएको छ । प्रत्येक विकास क्षेत्रको सुदृढ व्यवस्थापनका लागि जनप्रतिनीधिको नेतृत्वमा छुट्टाछुट्टै समितिहरु रहने व्यवस्था समेत गरिएको छ ।

तर पनि यस्ता समितिका संयोजक समेतलाई आफ्नो कार्यक्षेत्र तथा कार्य जिम्मेवारी बारे जानकारी नरहेको कुराहरु सुनिने गरेको छ । बजेट तर्जुमाको बखत समेत यस समितिहरुको बैठक आयोजना नगरिने गरेकाले स्थानीय तहहरुमा यस्ता असन्तुष्टिहरु पोखिने गरेको देखिन्छ ।

स्थानीय तहमा बजेटको समग्र पक्षको विश्लेषण नभई केवल सहमति वा असहमतिमा आउने गरेको यस्तो बजेटले न त कानुनी प्रक्रिया पालना गरेको हुन्छ न त आर्थिक क्रान्ति ल्याउन सक्ने हैसियत बोकेको हुन्छ । कतिपय सन्दर्भमा त बजेट तर्जुमा प्रक्रियाको सामान्य सिद्धान्त समेतको उपहास गरेको देखिन्छ । बजेट तर्जुमाको सैद्धान्तिक मूल्य मान्यता अनुसार नीति तथा कार्यक्रम माथि पर्याप्त छलफल भइ सोहि बमोजिमको बजेट आउनु पर्ने हो । यसै अवधारणा अनुरुप असार १० गते स्थानीय तहमा पेश हुने बजेटको लागि सो बजेटको नीति तथा कार्यक्रम अध्यक्ष वा प्रमुखले वैशाख ७ गते भित्र नै सभामा पेश गर्नु पर्ने कानुनी प्राबधान बजेट तर्जुमा दिग्दर्शनमा गरिएको छ । तर यसको व्यवहारिक प्रयोग अहिले सम्म कहिकतै भएको देखिदैन । कतिपय स्थानीय तहमा त नीति तथा कार्यक्रमलाई नै बजेट भनी असार १० गते प्रस्तुत गरेर कर्मकाण्ड पूरा गरेको बिगुल फुक्छन् भने कतिपयले बजेटसंगै सोहि दिन नीति तथा कार्यक्रम प्रस्तुत गर्छन् । वर्ष भरिको विकासिय गतिबिधि एकैपटक असारमा सञ्चालन गर्ने परम्परा बोकेको सरकारी संयन्त्र जस्तै बजेट तर्जुमा प्रक्रियामा समेत यहि पद्धतिको अंगिकार गर्न पुगेको देखिन्छ ।

कुनै पनि सरकार सञ्चालनको लाइफलाइन बजेट नै हुने गर्दछ । तर बजेट निर्माणमा तीनै तहको सरकारको चरम उदासिनता तथा लापरबाही रहेको सहजै आंकलन गर्न सकिन्छ । नेपालले लिएको समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालिन लक्ष्य पूरा गर्न दिगो विकासका लक्ष्यहरुलाई प्राप्त गर्दै अघि बढनुको विकल्प छैन् । यसका लागि सम्पूर्ण सरोकारबाला पक्ष बीच गम्भिरतापूर्वक समीक्षा हुनु जरुरी देखिन्छ ।

तसर्थ बजेट निर्माणको प्राविधिक पक्ष देखि कार्यान्वयनको व्यवहारिक चरण सम्ममा भूमिका निर्वाह गर्ने दक्ष कर्मचारीको प्राप्ति नै यति बेलाको पहिलो आवश्यकता हो । यस्ता समग्र विषयवस्तुको सम्बोधन र सक्षम सरकार निर्माण गर्न दक्ष मानव स्रोतको अभावलाई पूर्ति गर्न संघीय निजामती सेवा ऐन जारी गर्ने, स्रोत साधनको मितव्ययी, समन्यायिक र समावेशी तरिकाले प्रयोग गर्ने, तीन तहको सरकार आफ्समा प्रतिस्पर्धी मात्र नबनी एक अर्काको सहयोगी बन्ने, राजनैतिक नेतृत्वले उच्च सदाचारिता तथा नैतिकता राख्ने, प्रशासनिक नेतृत्वले कुशल व्यवसायिकता प्रदर्शन गर्ने र सरोकारबाला पक्ष जिम्मेवार तथा जवाफदेही बन्ने मार्ग पहिल्याउनु नै वर्तमानको आवश्यकता हो ।

देशको वर्तमान समस्या र समाधान

रजनिश कुमार साह

२०७४ सालमा भएको निर्वाचनपछि देशमा राजनीतिक स्थिरता आउँछ, राजनीतिक व्यवस्थाका लागि आन्दोलन गर्नुपर्ने अवस्था अन्त्य भयो, आर्थिक अवस्था मात्र नेपालीको मूल समस्या रहेको छ र त्यसलाई क्रमशः हल गर्दै आगडि बढ्नुपर्छ भन्ने मान्यता पनि सत्य सावित हुन सकेन। नेपालमा विभिन्न राजनीतिका दल र तिनका अन्य संगठनमा टोल वा वडा तहको समितिदेखि केन्द्रीय समितिसम्म चुनिन चाहने पक्षले निकै ठूलो खर्च, चाकरी, बदमासीसमेत गर्न तयार हुनुपर्ने तीतो यथार्थ छ। राज्यको वडा तहदेखि केन्द्रीय तहसम्मका संयन्त्रहरूमा पुग्नका लागि राजनीतिक दल र दल सम्बद्ध उम्मेदवार हरूले निकै ठूलो कसरत गर्नुपर्ने हुन्छ। कमजोर आर्थिक हैसियत रहेको, विधि र प्रक्रियामा विश्वास गर्ने व्यक्तिले अपवादबाहेक निर्वाचनमा सहभागी हुने र निर्वाचित हुने सम्भावना छैन ।

विगत दुई दशकमा हामीले बढी उत्पादन गरेको भनेकै विदेशका लागि कामदार र विद्यार्थी हुन्। त्यसैको परिणाम, विप्रेषण वैध बाटो भित्र्याउनु चुनौती बनिरहेको छ। विदेश जानुपूर्व आफ्नै स्थानीय तहमा खाता खोल्नैपर्ने, वैधानिक माध्यमबाट पैसा पठाउने अनलाइन तालीम लिनैपर्ने जस्ता कडा नियम लगाएर होस् वा वैध तरीकाले पैसा पठाउँदा 'क्यास ब्याक', हवाई टिकटमा सहुलियत, आईपीओमा निश्चित कोटा जस्ता प्रोत्साहनयुक्त नीतिले विप्रेषणको औपचारिकीकरण गर्न सघाउँछ। तर, विदेशमा कामदार पठाएर यता पैसा ढुकेर बस्ने प्रवृत्ति दिगो हुन हुँदैन। यसलाई अन्त्य गर्न श्रम बजारमा प्रवेश गर्न चाहनेहरूका लागि देशभित्रै रोजगारी हुनुपर्छ। उत्पादन नभए रोजगारी सिर्जना हुँदैन।संसारभरका पार्टी र नेताहरू जनतालाई नै केन्द्रविन्दुमा राखेर काम गर्ने भन्छन् तर अधिकांश जनतालाई माध्यम वा मात्र प्रयोग गरिरहेको तीतो यथार्थता रहेको सन्दर्भमा नेपालमा विगत १०० वर्षदेखि संगठित र व्यवस्थितरूपमा संघर्ष, आन्दोलन, युद्धलगायतका कार्य भइरहेका छन्। शासन प्रणाली र निर्वाचन प्रणालीहरू परिवर्तन भइरहेका छन् ।

देशको वर्तमान अवस्था एकदम नाजुक रहेको कुरामा शायद कसैको पनि विमति नहोला। समाधान वा प्रगतिको सुत्र भनेको अहम् र घमण्ड त्यागी आत्मसमीक्षा, गल्ती वा कमजोरी महसुस गरी सुधार गर्ने नै हो।हाम्रो मुलुकको दुर्भाग्य भन्नु यहाँबाट औद्योगिक उत्पादन गरी विदेशमा निर्यात गर्न नसक्नु हो। रेमिटान्सबाट आएको रकम प्रयोग गरी वस्तु र सेवा किन्ने गरिएको छ। एकातिर, सुनदेखि नूनसम्म विदेशबाट ल्याउनुपर्ने अवस्था छ भने अर्कोतिर यहाँबाट कुनै वस्तु विदेश नजाने तर सबै वस्तु आयात गरेरै उपभोग गर्नुपर्ने अवस्था छ। रुस र युक्रेन बीचको युद्धले पनि विश्व अर्थतन्त्रलाई असर गरिरहेको छ। त्यसको प्रत्यक्ष तथा परोक्ष असर नेपालमा पनि पर्न थालेको छ। यहाँ उपभोग गर्ने कैयन् वस्तु महँगा हुँदै गएका छन्। यसले आमनागरिकले उठ्नै नसक्ने गरी थला पर्ने अवस्था आइरहेको छ। बजारको गतिविधि शून्य हुने, लगानीका निम्ति रकम प्राप्त हुन नसक्ने र आम्दानीका अन्य बाटा नदेखिने अवस्था आउनु भनेको आफैँमा चिन्ताजनक आर्थिक स्थिति छ।कोभिड-१९ को सम्भावित संक्रमणबाट जोगिन बन्दाबन्दी (लकडाउन) को पालना गर्ने सिलसिलामा बन्दाबन्दीले देशको अर्थतन्त्रको प्रमुख क्षेत्र तथा अधिकतम जनताको जीविकासँग सम्बन्धित रहेको कृषि क्षेत्र नराम्ररी प्रभावित भएको छ । बन्दाबन्दीले कृषि उत्पादनको लागि आवश्यक श्रम तथा सामग्रीको आपूर्ति असहज बनाएको छ, कृषि क्षेत्रको असंगठित तथा मौसमी श्रमिकको रोजगारी गुमेको छ । कृषि ब्यवसायमा संलग्न कृषक तथा कृषि उद्यमीहरुले बैंक तथा वित्तिय संस्थासंग लिएको ऋणको साँवा तथा ब्याज चुक्ता गर्न नसक्ने अवस्था छ ।

उत्पादित कृषि उपजहरुको बिक्रि वितरण नभएकोले कृषक तथा कृषि उद्यमीहरुले ठूलो घाटा बेहोर्नु परेको छ भने आयातमा आधारित खाद्य सुरक्षामा संकट पर्न सक्ने अवस्था छ । बैदेशिक रोजगारबाट फर्केने श्रमको ब्यवस्थापनमा चुनौती थपिएको छ । यसले देशको समग्र अर्थतन्त्र र जनजीविकालाई तत्काल मात्र नभएर दीर्घकालीन असर पार्ने देखिन्छ । त्यसकारण यस क्षेत्रलाई पूर्नजीवन दिन सरकारले निजी क्षेत्रलाई सहयोग र निजी क्षेत्रसंग सहकार्य गर्नुपर्ने देखिन्छ ।नेपालको हावापानी अनुसार तराई अन्नको भण्डार, पहाडलाई फलफूल खेती र उच्च पहाड तथा हिमाली क्षेत्रमा पशुपालन भए पनि न तराईमा क्षमता अनुसारको अन्न उब्जाउन सकेको छ, न पहाडमा फलफूलको विकास गर्न सकिएको छ न उच्च पहाड तथा हिमाली भेगमा पशुपालन गर्न सकिएको छ न जडीबुटीको खेती नै गर्न सकिएको छ । सम्भावनाहरूको पहिचानको लागि उचित योजना बनाउनु आवश्यक देखिन्छ । सबै साधन श्रोतहरू मध्ये मानव साधन तथा जनशक्ति महत्त्वपूर्ण मानिन्छ । विश्वव्यापी कोरोनाको महामारीले बिदेसिएको जनशक्ति स्वदेश फर्केका छन् । यिनीहरूको लागि सजिलो गर्न सकिने पेसा व्यवसाय पनि कृषि नै देखिएको छ ।देश भरी करिब २५ प्रतिशत खेतबारी बाँझै रहेको एकातिर छ भने अर्कातिर खानपिनमा आयातित संस्कारहरूले निकै उतार चढाव आएको छ । खाने परिकार तथा खाने बानी फेरिएको छ । पोषण युक्त खाने कुराको उपभोगमा जोड दिइएको छ । हामीले जहाँ जे उत्पादन हुन्छ त्यहाँ त्यसको उपभोग नगरी उच्च पहाडी क्षेत्रमा आलु, उवा, कागुनो, चिनो, कोदो, फापर उत्पादन हुन्छ भने त्यहाँ भात खाने परम्परागत परिकार नखानाले खाद्य सुरक्षामा सङ्कट पैदा भएको छ यसलाई समयमै ध्यान दिनु आवश्यक छ ।अहिले पनि दलहरुमा वैमनस्यता र टकरावको स्थिति विद्यमान छ, जसले राजनीतिक अस्थिरता र खतराको स्थिति देखाइरहेको छ । राजनीतिमा शक्तिको लागि मात्र अभ्यास गरिन्छ भने त्यहाँ हिंसा निश्चितरुपमा हुन्छ । नेपालमा राजनीतिक दल र कार्यकर्ताहरुमा समुदायमा हामी हौं भन्ने भावना नभएकाले राजनीतिमा धेरै द्वन्द्वको विजारोपण गरेका उदाहरण हाम्रासामू विद्यमान छन् । शक्ति प्राप्त गर्नको लागि राजनीतिमा भएका अनेकौं प्रकारका द्वन्द्वलाई न त दबाउन सकिन्छ न त निर्मुल पार्न सकिन्छ ।

प्राकृतिक एवं मानविय संसाधनको उच्चतम उपयोग गरि अर्थब्यवस्थालाई सवल, सुदृढ गतिशिल एवं प्रतिस्पर्धात्मक बनाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरण आवश्यक छ । यसै क्रममा वैदेशिक लगानी भित्र्याउन नेपाल सरकारले अवलम्वन गरेको खुल्ला एवं उदार आर्थिक नीतिको परिणामस्वरुप विदेशी लगानी बढ्दो क्रममा छ तर पनि अपेक्षाकृत विदेशी लगानी भित्र्याउन सकिएको छैन ।नेपालको आन्तरिक बजार पनि सानो छ , पर्याप्त पुँजीको अभावले भौतिक पूर्वाधारको यथेष्ट रुपमा विस्तार हुन सकिरहेको छैन ।

नेपालमा बैदेशिक लगानीको आशा गरिए अनुसार भित्रिन नसक्नुमा मुलुकमा राजनीतिक द्धन्द रहनु, औद्योगिक पूर्वाधार र लगानीको वातावरण नहुनु, उर्जाको समस्या हुनु , आर्थिक सुधारका कार्यक्रमहरुमा ढिलाई हुनु, दातृ निकायले नेपाललाई असफल राष्ट्रको रुपमा लिनु जस्ता कारणहरु जिम्मेवार रहेका छन् । हुन त सरकारले बैदेशिक लगानी बृद्धिका लागि लगानिकर्तालाई प्रोत्साहन गर्न विभिन्न सुविधाहरु प्रदान गर्नुका साथै लगानी प्रक्रियालाई पनि बढि सरल पार्ने प्रयास गरेको छ, तर विद्यमान नीति नियम, ऐनहरुमा अझै अस्पष्टता रहनु, लगानी गर्ने प्रक्रिया सरल नहुनु, वित्तिय क्षेत्रमा थप सुधार हुन नसक्नुले लगानी अझै जोखिमपूर्ण रहेको छ । यसले गर्दा विदेशी लगानी आकर्षित हुन सकिरहेको छैन, देशको आन्तरिक स्रोत साधन परिचालन गर्न पनि सकिरहेको छैन । नेपालको आन्तरिक बजार पनि सानो छ , पर्याप्त पुँजीको अभावले भौतिक पूर्वाधारको यथेष्ट रुपमा विस्तार हुन सकिरहेको छैन ।

देशमा औद्योगिक विकासको कुरा उठ्दा ठूला तथा मझौला उद्योगहरूको स्थापना तथा प्रवर्द्धनमा ठूलो जोड दिने गरिन्छ। तर, हाम्रो जस्तो विकासोन्मुख राष्ट्रका लागि ठूलाठूला उद्योगको दाँजोमा साना तथा घरेलु उद्योग नै ज्यादै उपयोगी रहेको कुरा विगतका अनुभवले नै बताइसकेको छ । जनसंख्या वृद्धिले एकातिर बेरोजगारी समस्यालाई चर्काएको छ भन्ने अर्कोतिर सीमित खेतीयोग्य जमिनमा बढ्दै गएको श्रमशक्ति निर्भर हुनुपर्दा अर्धबेरोजगारी समस्या अदृश्य रूपमा फैलिँदै गएकाले साना तथा घरेलु उद्योगको महत्व बढी छ।प्राकृतिक एवं मानविय संसाधनको उच्चतम उपयोग गरि अर्थब्यवस्थालाई सवल, सुदृढ गतिशिल एवं प्रतिस्पर्धात्मक बनाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरण आवश्यक छ । यसै क्रममा वैदेशिक लगानी भित्र्याउन नेपाल सरकारले अवलम्वन गरेको खुल्ला एवं उदार आर्थिक नीतिको परिणामस्वरुप विदेशी लगानी बढ्दो क्रममा छ तर पनि अपेक्षाकृत विदेशी लगानी भित्र्याउन सकिएको छैन ।नेपालको आन्तरिक बजार पनि सानो छ , पर्याप्त पुँजीको अभावले भौतिक पूर्वाधारको यथेष्ट रुपमा विस्तार हुन सकिरहेको छैन ।

कृषि व्यवसायको विकास तथा विस्तारले औद्योगिक विकासमा सघाउ पुऱ्याउँदछ। नेपालमा विगतदेखिका औद्योगिक क्रियाकलापलाई हेर्दा कृषिक्षेत्रबाट साधनहरू प्राप्त गरी प्रशस्तमात्रामा उद्योगव्यवसाय सञ्चालनमा रहेको पाइन्छ । त्यस्ता उद्योगव्यवसाय ग्रामीण क्षेत्रमा परम्परागत रूपमा चलेका पनि छन् तथा कतिपय आधुनिक संगठित उद्योगको रूपमा स्थापना पनि भएका छन् । ग्रामीण क्षेत्रमा बिस्कुट पाउरोटी बनाउने, सानातिना मिल सञ्चालन हुने, तेल पेल्ने, अमिलो पेलेर टिकाउ बनाउने, छुर्पी, घ्यू आदि बनाउने कार्य विगत लामो समयदेखि चल्दै आएका कार्यहरू हुन। आजका नेता त जसरीतसरी केही समयका लागि प्रधानमन्त्री या गृहमन्त्री हुने, अनि राज्यको ढुकुटीको ब्रह्मलुट गर्दै आफ्ना राजनीतिक र पारिवारिक मित्रलाई पास्ने कामबाहेक अन्यत्र अर्थात् राष्ट्रका जिउँदाजाग्दा समस्या समाधानमा ध्यानै दिँदैनन्। अनि सत्ताबाट बाहिरिएपछि जिन्दगीभर राज्यवाट भरणपोषण पाउने तरिका मिलाउन पनि यी कोही पछि परेनन्। आज कैयौं दर्जन नेता र जागिरेहरूले लाजै नमानी राज्यबाट लाखौं रुपियाँको विभिन्न सहुलियत लिएकाछन्। ती कुनै नेता वा ब्यूरुरोक्याटले मैले राज्यलाई यति दिएँ र यो सहुलियत लिएँ भनेर जनतालाई जवाफ दिनसक्ने ठाउँ देखिएको छैन। यसैले यस्तो सुविधा लिनु वा दिनु उचित हो भनेर मान्नसक्ने अवस्था पनि छैनानिजी क्षेत्र राज्यका लागि आर्थिक अवसर र नागरिकका लागि रोजगारीको स्रोत हो साथै अर्थतन्त्रको ऊर्जा । यसले प्रतिस्पर्धी बजार सिर्जना/उत्पादन रोजगारीका लागि ऋण सुविधा, उद्यमशीलता विकासमार्फत रोजगारी सिर्जना, लगानी आकर्षण र प्रविधि हस्तान्तरण, सेवा प्रवाह र विकासमा साझेदारी, वातावरण तथा स्रोत संरक्षणजस्ता कार्यमार्फत आर्

चित्त बुझेन भने गठबन्धन फेरिन्छ : गगन थापा

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले गठबन्धनले चित्त बुझ्नेगरी काम नगरे गठबन्धन फेरिने बताएका छन् । शनिवार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । महामन्त्री थापाले गठबन्धन ठिक ढंगले चलेन र चित्त बुझेन भने गठबन्धन फेर्नेकुरा नौलो नभएको बताए ।

'हाम्रो पार्टीका लागि मान्छे ज्यान गए जाओस्, कांग्रेस छोड्दिन भन्छ भने आज हामी सरकार गए जाओस् भन्न नसक्ने ? जाओस् न त सरकार । ५ वर्ष जाओस्, १० वर्ष जाओस् । हेर्दा सानो देखिन्छ' उनले भने, 'हामीले प्रायश्चित गर्नैपर्छ कि हामीले हाम्रो सरकार नबन्ला, अरुको सरकार बन्ला भन्ने डरले चुनावअघि नै गठबन्धन गर्यौं । चुनाव पछाडि सरकार बन्ने, बदल्ने सामान्य कुरा हो । हामी अहिले एक गठबन्धनमा छौं, गठबन्धन ठिक ढंगले गएन, चित्त बुझेन भने बदलिन्छ ।' उनले नेपाली कांग्रेसले सरकार छोड्नुपर्छ कि भन्ने डरले चुनावअघि नै गठबन्धन गर्नु गलत भएको बताए । थापाले सरकार छोड्नपरे पनि नडराइकन एक्लाएक्लै चुनाव लड्न कांग्रेसले सक्नुपर्ने बताए । महामन्त्री थापाले गठबन्धन फेरिनु र नयाँ सरकार बन्नु कुनै नौलो कुरा नभएको जिकिर गरे । 'नयाँ सरकार बन्छ, कुनै अनौठो कुरा भएन । बन्छ, भत्किन्छ भइराख्छ । तर चुनावअघि हामी सरकार छोड्नुपर्छ भनेर चुनावमा लागेको एउटा व्यक्ति ज्यान गुमाउन तयार छ तर सरकार गुमाउन तयार भएनौं' उनले भने, 'के हुन्थ्यो कम्युनिष्ट पार्टी मिलेर ? १० वर्ष सरकार चल्थ्यो, चलोस्, समाजवादीमा एमाले पनि थपियोस्, चलोस्, एक्लै लड्छ कांग्रेस, नजिते चकेटीमा बस्छ, के बिग्रिन्छ । अब नेपाली कांग्रेसले छलफल गर्ने बेला आएको छ ।'

उनले समाजवादी मोर्चामा अझै नेकपा एमाले पनि थपिएर कम्युनिष्टहरु एकै ठाउँमा भएपनि कांग्रेसलाई फरक नपर्ने बताए । उनले संसदमा समानुपातिक निर्वाचन प्रणाली नराख्न आग्रह गरे । महामन्त्री थापाले समाजका समस्याको चिन्तनका केन्द्रमा नेपाली कांग्रेसलाई ल्याउनुपर्ने बताए ।

अबको सिर्जना र अनुसन्धान परम्परा धान्नेमा सीमित हुनुहुँदैन: प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालमा अबको सिर्जना र अनुसन्धान केवल परम्परा धान्नेमा मात्र सीमित हुन नहुने बताउनुभएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानको ६६औं वार्षिकोत्सवका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उहाँले यथास्थितिका सौन्दर्य चेतनाले मात्रै अब नपुग्ने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री दाहालले नेपाली समाजको सामाजिक संरचना र राजनीतिक व्यवस्थामा भएको परिवर्तनलाई संस्थागत गर्न सोहीअनुसारको सांस्कृतिक रूपान्तरण जरुरी रहेको स्पष्ट पार्नुभयो । नेपाली समाजका सूक्ष्म तहमा जरा गाडेर बसेको सामन्तवादी संस्कृति र सुनामीजस्तै बनेर आइरहेको भूमण्डलीकृत उत्तरआधुनिक संस्कृतिको प्रतिरोध गर्न आह्वान गर्दै उहाँले सङ्घीय, समानुपातिक, गणतान्त्रिक युग अनुकूलको संस्कृतिको निर्माण शनिबारको मुख्य दायित्व भएको प्रष्ट्याउनुभयो ।

प्रधानमन्त्री दाहालले नेपालको संविधान, २०७२ को मर्म र भावनाअनुरूप नेपालमा बोलिने सबै भाषा र तिनका साहित्य, संस्कृति अनि ज्ञानका विभिन्न शाखालाई प्रवर्द्धन र विकास गर्दै अघि बढ्नु प्रज्ञा-प्रतिष्ठानको दायित्व र कर्तव्य रहेको औंल्याउनुभयो । उहाँले नेपालका कतिपय उन्नत सांस्कृतिक परम्परा, यहाँको माटोमा सिर्जित र विकसित ज्ञान तथा साहित्य-चिन्तनलाई पछिल्लो समयमा विकास भएका आधुनिक ज्ञान र चिन्तनका सापेक्षतामा विकास गर्दै अघि बढ्नसकेमा मात्र सफल हुने बताउनुभयो ।

नेपालका भाषा, साहित्य, कला, संस्कृतिलगायत ज्ञान-विज्ञानका विभिन्न शाखाको अध्ययन, अनुसन्धान तथा विकास गर्ने उद्देश्यका साथ २०१४ सालमा नेपाल साहित्य कला एकेडेमीका रूपमा स्थापना भएको यस प्रतिष्ठान परिवर्तित हुँदै हाल नेपाल प्रज्ञा-प्रतिष्ठानको रूपमा हाल सञ्चालनमा छ । विसं २०६२/६३ को जनआन्दोलनपश्चात् साविकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललितकला र सङ्गीत नाट्य विधालाई छुट्टै प्रतिष्ठानका रूपमा गठन गरिएकोले नेपाल प्रज्ञा-प्रतिष्ठानले भाषा, साहित्य, संस्कृति, दर्शन र सामाजिकशास्त्रका क्षेत्रमा अध्ययन-अनुसन्धान र प्रकाशनका काम गर्दै आइरहेको छ ।

प्रधानमन्त्री दाहालले जनयुद्धको जगमा भएको २०६२/६३ सालको जनआन्दोलन र त्यसबाट निर्मित नेपालको संविधान २०७२ को मर्म र भावनाअनुरूप नेपालमा बोलिने सबै भाषा र तिनका साहित्य, संस्कृति अनि ज्ञानका विभिन्न शाखालाई प्रवर्द्धन र विकास गर्दै अघि बढ्नु वर्तमान प्रज्ञा-प्रतिष्ठानको दायित्व र कर्तव्य भएको बताउनुभयो ।

नेपालका कतिपय उन्नत सांस्कृतिक परम्परा, यहाँको माटोमा सिर्जित र विकसित ज्ञान तथा साहित्य-चिन्तनलाई पछिल्लो समयमा विकास भएका आधुनिक ज्ञान र चिन्तनका सापेक्षतामा विकास गर्दै अघि बढ्न सकेमा मात्र सफल हुने प्रधानमन्त्री दाहालको भनाइ छ । उहाँले सामाजिक संरचना र राजनीतिक व्यवस्थामा भएको परिवर्तनलाई संस्थागत गर्न सोही अनुसारको सांस्कृतिक रूपान्तरण हुन नसकेको स्पष्ट पार्नुभयो । नेपाली समाजका सूक्ष्म तहमा जरा गाडेर बसेको सामन्तवादी संस्कृति र सुनामीजस्तै बनेर आइरहेको भूमण्डलीकृत उत्तरआधुनिक संस्कृतिको प्रतिरोध गर्दै शनिबारको संघीय, समानुपातिक, गणतान्त्रिक युगअनुकूलको संस्कृतिको निर्माण शनिबारको मुख्य दायित्व भएको उहाँले बताउनुभयो ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "शनिबारको यही युगीन आवश्यकतालाई सम्बोधन गर्न नेपाल सरकारले शनिबार नयाँ प्रज्ञा परिषद् तथा प्राज्ञ सभाको गठन गरेको छ । शनिबारको युगीन दायित्वलाई आत्मसात गर्दै उत्पादनमूलक राष्ट्रिय अर्थव्यवस्थाको विकास गरेर नेपाल राज्यले लिएको समाजवादोन्मुख व्यवस्थाको लक्ष्य पूरा गर्न आवश्यक पर्ने श्रमको सम्मानमा आधारित अन्तर्वस्तु र सौन्दर्यशास्त्रको निर्माण गर्ने साहित्य र संस्कृतिको निर्माण गर्ने काम यस प्रतिष्ठानले सफलतापूर्वक सम्पन्न गर्नेछ भन्ने विश्वास मैले लिएको छु ।"

प्रज्ञा-प्रतिष्ठानको वर्तमान नेतृत्वका तर्फबाट सरकारसमक्ष आएका नयाँ र सिर्जनात्मक प्रस्तावप्रति सरकार सकारात्मक रहेको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "त्यसप्रति सरकारकोतर्फबाट आवश्यक पहल भइरहेको छ । प्रतिष्ठानको वर्तमान नेतृत्वले नेपालको मौखिक इतिहासको खोजी गर्ने, नेपालमा बोलिने मातृभाषाको संरक्षण र सम्वर्द्धन जोड दिने, नेपालको परिवर्तनको सौन्दर्य, श्रमजीवी वर्गको सौन्दर्य र सिर्जनामा जोड दिने कुराप्रति सचेत रहेको बुझेको छु । त्यसमा सरकारको भरपूर रहयोग रहने छ ।"

विसं २०२२ देखि सुरु भएको कविता महोत्सवमा यस पटकदेखि बहुभाषी कविता समावेश गरिएको थाहा पाउँदा खुसी लागेको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो । त्यसबाट उत्साहित भएर कविहरूले यस पटक यो दशकमै सबैभन्दा बढी कवि सहभागी भएको थाहा पाउँदा खुसी लागेको उहाँले उल्लेख गर्नुभयो । यसपटक झन्डै तीन दर्जन भाषाका कविता महोत्सवमा सहभागी भएका छन् ।

आगामी वर्षदेखि नेपालका सबै भाषाका कविता राष्ट्रिय कविता महोत्सवमा सहभागी हुने र राष्ट्रिय कविता महोत्सव आफ्नो नामअनुसार साँच्चिकै राष्ट्रिय कविता महोत्सवका रूपमा अरु स्थापित हुने प्रधानमन्त्री दाहालको भनाइ छ ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले कविता महत्सोवको महत्व र यसको सांस्कृतिक पक्षका बारेमा चर्चा गर्दै मन्त्रालयले त्यकास लागि आवश्यक सहजीकरण गरिरहेको बताउनुभयो । सो अवसरमा प्रज्ञा-प्रतिष्ठानका कुलपति भुपाल राईले राष्ट्रिय कविता महोत्सवका बारेमा जानकारी गराउनुभएको थियो । रासस

हामी लड्यौं भने आफ्नै गोडामा अल्झिएर लड्छौं, अरूमा लडाउने तागत छैन: रवि लामिछाने

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफूहरूलाई अन्य दलले लडाउन सक्ने तागत नभएको बताएका छन्।

शनिबार काठमाडौंमा आयोजित पार्टीको धादिङ-काठमाडौं सम्पर्क भेलामा बोल्दै उनले अन्य दलमा रास्वपालाई लडाउने तागत नभएको बताएका हुन्।

'मैले बारम्बार भन्ने गरेको छु साथीहरूलाई लेखेर पनि राख्नुस है ठूलो अक्षरमा बिर्सेला भनेर। हिजो अस्ती पनि भनेको थिएँ कि हामी लड्यौं भने आफ्नै गोडामा अल्झिएर मात्रै लडछौं,' उनले भने, 'अरूले हामीलाई लडाउने तागतनै राख्दैन। म यति भन्न चाहन्छु ।'

रास्वपालाई लडाउन प्रयास भएपनि नसक्ने उनले बताए। ' प्रयास त हुन्छन, भइरहेका छन्। अहिले देख्नुभएको छैन संगठित रूपमा हामीलाई लडाउने प्रयास भइरहेको छ। यो राम्रो कि त्यो राम्रो भनेर नयाँनयाँ नेताहरूको फोटो राख्दै,' उनले भने । यस्तै रास्वपाले जान्नेलाई छान्ने भन्ने नारालाई कायम राखे अर्को निर्वाचन सम्ममा पहिलो दल बन्न सम्भव भएको पनि उनले बताए।

'कुनै पनि बेला असल मानिसका लागि मैले अहिले लिइरहेको पद र जिम्मेवारी उसलाई दिएर म उसको सहयोगी हुन सक्छु भन्ने भयो भने कम्तिमा पनि २०८४ सालसम्म यो हृदय र यो सोच तपाईहरूसँग छ भने यो पार्टीलाई यो मुलुकको एक नम्बरको पार्टी, पहिलो पार्टी बन्न कसैले रोक्न सक्दैन,' उनले भने।

देउवामा आकाक्ष्षा पलाइसकेको छ, कांग्रेसले नेतृत्व गर्छु भन्नेबित्तिकै सरकार ढल्छ : एमाले नेता ढुंगेल

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले) का युवा नेता माधव ढुंगेलले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारको आयु कांग्रेस सभापति शेरबहादुर देउवाभित्र सत्ताको आकाङ्क्षा नपलाउँदासम्म मात्रै भएको टिप्पणी गरेका छन् । शनिबार रिपोर्टर्स क्लब नेपालमा सभापति ऋषि धमलाको अध्यक्षतामा भएको विशेष साक्षात्कार कार्यक्रमलाई सम्बोधन गर्दै उनले अहिले कांग्रेसभित्र नेतृत्वको आकाङ्क्षा पलाएको र अब यो सरकार ढल्ने सङ्केत गरे ।

'जबसम्म शेरबहादुर देउवामा प्रधानमन्त्री हुने आकाङ्क्षा पलाउँदैन त्यतिबेलासम्म यो सरकार कायम रहन्छ । आज पनि त्यही हो । कांग्रेसभित्र सरकारको नेतृत्वको आकाङ्क्षा जन्मनेबित्तिकै यो सरकार धरापमा पर्छ भनेर हामीले हिजो नै भनेका थियो । आज त्यही ठाउँमा परिस्थिति आइपुगेको छ । कांग्रेसले नेतृत्व गर्छु भन्नेबित्तिकै सरकार ढलिहाल्छ नि । यो सरकार कांग्रेसको आकाङ्क्षामा भर पर्छ,'- उनले भने ।

प्रचण्डलाई प्रधानमन्त्री बनाउनका लागि एमालेले खेलेको भूमिका प्रत्युत्पादक बनेको उनको टिप्पणी छ । नेता ढुंगेलले एमाले यो सरकार ढाल्ने र गिराउने खेलमा नरहेपनि वर्तमान सरकार आफैं ढल्ने अवस्थामा रहेको बताए ।

यता नेकपा (एकीकृत समाजवादी) का स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री सोमप्रसाद पाण्डेले कांग्रेस महामन्त्री गगनकुमार थापातर्फ लक्षित गर्दै उनले गठबन्धनभित्रकै केही नेताहरूले आफ्ना नेतालाई गाली गर्ने र गठबन्धनप्रति गलत खालका सन्देश प्रवाह गर्ने काम गरेको गुनासो पोखे । स्थानीय तह निर्वाचनदेखि त्यो प्रवृत्ति अहिलेसम्म जारी रहेको र त्यसले अहिलेको सत्ता गठबन्धनमा कुनै समस्या सिर्जना नगर्ने पाण्डेले बताए ।

'अहिले अनेक खालका प्रचारहरु गरेर मुलुकमा अस्थिरता ल्याउने कोसिस भइराखेको छ । आफ्नै पार्टीका जिम्मेवार मानिसहरूले यो गठबन्धनको विषयमा अनेक खालका आलोचना गर्ने, अहिले मात्र होइन, स्थानीय तहको निर्वाचनमासमेत उहाँहरू गठबन्धनको विरुद्धमा उत्रिनुभयो ।'

प्रचण्डकै नेतृत्वमा देशमा शान्ति स्थापना भयो: पर्यटनमन्त्री किराती

टुडे समाचारदाता

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'कै नेतृत्वमा देशमा शान्ति स्थापना भएको बताएका छन्।

शनिबार नेपाल प्रज्ञा प्रतिष्ठानको ६६ औं वार्षिकोत्सव समारोहको पूर्वसन्ध्यामा आयोजित कविता महोत्सवमा बोल्दै मन्त्री किरातीले अब मुलुकमा प्रचण्डकै नेतृत्वमा समृद्धिको जग बस्ने सम्भावना रहेको बताए।

'प्रधानमन्त्री प्रचण्डकै नेतृत्वमा संघर्ष पनि भयो, शान्ति पनि उहाँकै नेतृत्वमा यो देशले प्राप्त गरेको छ। उहाँकै नेतृत्वमा समृद्धिको जग हाल्नसक्ने ठूलो सम्भावना छ,' उनले भने ।

मन्त्री किरातीले मुलुकमा सुशासन कायम गर्न सरकार प्रतिबद्ध रहेको पनि बताए। 'सुशासनको पक्षमा, भ्रष्टाचारको बिरुद्धमा र समृद्धिको पक्षमा जस्तोसुकै कठिन परिस्थितिको सामना गर्न तयार छौं,' उनले भने।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०३/१०)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/०३/१७

बोलपत्र खोलिने मिति
२०८०/०३/१८ दिउँसो ३ बजे

तपसिल

क्र. सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण	धितो सुरक्षणमा रहेको अचल सम्पतिको विवरण
१.	विविध कर्जा	**ऋणी : अशोक फोटो फ्रेमिङ सेन्टर** दर्ता : १६९४३/०५९/०६० ठेगाना : जनकपुर धाम-०६, धनुषा **व्यक्तिगत जमानीकर्ताहरू :** **१. प्रमिला कुमारी** (ना.प्र.नं. ३३८१२८२३, मिति २०५८/०९/१५ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको) पति : अशोक कुमार चौधरी ससुरा : झगरु चौधरी **२. अशोक कुमार चौधरी** (ना.प्र.नं. २९१७४४९७, मिति २०५९/०२/२३ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको) बाबु : झगरु चौधरी बाजे : सिंहेश्वर चौधरी	अशोक कुमार चौधरीको नाममा धनुषा जिल्ला मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कि.नं. २१५ (०-०-७-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

कांग्रेस एमालेसँग मिलेर सरकार बनाउन लागेको हल्लामात्र हो : कांग्रेस नेता यादव

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री रामकृष्ण यादवले वर्तमान सरकार परिवर्तन गर्ने आफूहरूको कुनै तयारी र योजना नरहेको स्पष्ट पारेका छन् । उनले कांग्रेस एमालेसँग मिलेर सरकार बनाउन लागिपरेको भन्ने कुरामा कुनै सत्यता नभएको भन्दै त्यसलाई हल्लाको संज्ञा दिएका हुन् ।

राजधानीमा आयोजित साक्षात्कारमा यादवले वर्तमान सरकार बनाउनको लागि कांग्रेसकै भूमिका निर्णायक भएको भन्दै सरकार परिवर्तन गर्ने कुरा हल्ला र मिथ्या भएको टिप्पणी गरे । उनले भने,'सरकार बनाउनको लागि कांग्रेसले निर्णायक भूमिका खेलेको छ । यो गठबन्धनको अभिभावक कांग्रेस हो । अहिले कांग्रेसले एमालेसँग मिलेर सरकार बनाउने भन्ने कुरा आएको छ, त्यसमा कुनै सत्यता छैन । यो हल्ला हो । निराधार कुरा हो । यसमा कुनै सत्यता छैन । यो मिथ्या हो । यो सरकार स्थायी छ । पाँचै वर्ष यही गठबन्धनको सरकार टिक्छ ।' उनले अहिलेको संसद्को बनोटले पनि कुनै एक दलले सरकार चलाउने अवस्था नभएकोले आफूहरू गठबन्धनको कल्चरमा गएको स्पष्ट पारे । उनले भने,'अहिलेको गठबन्धन खाली सरकार बनाउनको लागि मात्रै गठबन्धन बनेको होइन । यो गठबन्धन नेपालको राजनीतिक स्थिरताको लागि बनेको हो । राजनीतिक लक्ष्य प्राप्त गर्नको लागि बनेको हो । राजनीतिक स्थिरता र विकास निर्माणको लागि अनि देशको प्रगतिको लागि नै वर्तमान गठबन्धन बनेको हो । यो गठबन्धन पाँच वर्ष टुट्दैन । बरु मुलुकको राज्य सञ्चालनमा नेतृत्वदायी भूमिका खेल्छ । बहुदलीय व्यवस्था छ । लोकतान्त्रिक व्यवस्था छ, सबैले आफ्ना आफ्ना धारणा राख्ने स्वतन्त्रता छ । त्यही भएर कसैले आफ्नो कुरा राख्नुभएको होला । तर, मलाई लागिराखेको छ यो सरकारले मुलुकको लागि स्थिरता दिन्छ । अहिले राजनीतिक स्थायित्व छ । हाम्रोबीचमा सहमति भएको छ । यो सरकार दायाँबायाँ पटक्कै हुँदैन ।'

उनले अहिलेका अर्थमन्त्री डा. प्रकाशशरण महतले धेरै नै राम्रो बजेट ल्याएको भन्दै प्रशंसा गरे । उनले भने,' मलाई लाग्छ यो बजेट ०४८ सालपछि राम्रो बजेट हो । यो राम्रो बजेट बनेको छ। तर, यहाँ विरोधको लागि विरोध गरिएको छ । यो बजेट पहिलेको भन्दा धेरै नै राम्रो छ ।

कृषि क्षेत्रमा राम्रो बजेट छ । बजेटले व्यापार घाटा न्यूनीकरण गर्न र रोजगारी बढाउन सघाउँछ । कृषि क्षेत्रमा प्रगति गर्छ । बजेटमा तलमाथि हुने सम्भावना छैन । आउने दिनमा बरु के/कसो गर्दा राम्रो हुन्छ भनेर नेतृत्व तहमा छलफल होला । तर संशोधन हुन्छ जस्तो मलाई लाग्दैन । बजेट पास हुन्छ ।' सो क्रममा उनले प्रधानमन्त्री पुष्पकमल दाहालको हालैको भारत भ्रमण सफल भएको पनि चित्रण गरे ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अमेरिका भ्रमणः चीनकै चासो

बीबीसी

न्युयोर्क। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको संयुक्त राज्य अमेरिकाको राजकीय भ्रमणले दुवै देशलाई उनीहरूबीचको सम्बन्धमा कोशेढुङ्गा स्थापित भएको अर्थ्याउन पर्याप्त आधार दिएको छ। भ्रमण एजेन्डामा रक्षा सम्बन्ध, प्रविधिमा साझेदारी र इन्डो-प्यासिफिकमा भारतको भूमिका आदिले उच्च प्राथमिकता पाएका छन्।

बिहीवार ह्वाइट हाउसमा औपचारिक स्वागत, राष्ट्रपति जो बाइडनसँग प्रत्यक्ष वार्ता, राजकीय रात्रि भोज, अमेरिकी संसद् को संयुक्त बैठकलाई सम्बोधन भ्रमणका महत्त्वपूर्ण पक्ष रहे।

मोदी र बाइडनले विश्वका दुई ठूला प्रजातन्त्रका साझा हित र आकाङ्क्षाबारे खुलेर प्रशंसा गरे। औपचारिक वार्तापछि संयुक्त पत्रकार सम्मेलनमा बाइडनले पारस्परिक साझेदारी "इतिहासमा कुनै पनि समयभन्दा बलियो, नजिक र अधिक गतिशील," रहेको बताए। मोदीले दुई देशबीच रणनीतिक साझेदारीको नयाँ अध्याय शुरू भएकोमा जोड दिए।

मोदी सरकारको मानवअधिकार रेकर्डको विरोध गर्दै केही डेमोक्रेटिक सांसदहरूले संयुक्त बैठकमा मोदीको सम्बोधन बहिष्कार गरे तापनि भारतीय प्रधानमन्त्रीले त्यहाँ उत्साहपूर्ण स्वागत पाए। सम्बन्धको नयाँ बिहानीले अमेरिका र भारतको मात्र होइन, विश्वको भाग्यलाई पनि आकार दिनेछ भनी उनले सांसदहरूलाई बताए। भ्रमणका क्रममा रक्षा, उच्च प्रविधि, स्वास्थ्य, वातावरण, अन्तरिक्ष, ऊर्जा र भिसा लगायतका क्षेत्रमा भएका सम्झौताहरूले अझ बलियो साझेदारीको ढाँचा उपलब्ध गराएको छ।

रुस-युक्रेन युद्धको बीचमा असंलग्नताको नयाँ रूप खोज्ने प्रयास गरिरहेको 'ग्लोबल साउथ'को महत्त्वपूर्ण अङ्ग भारतलाई बाइडनले अमेरिकी साझेदारीमा अझ बलियोसँग गाँसेको प्रचार गर्न सक्नेछन्। उता विश्व मञ्चमा भारतको क्षण आइपुगेको देखाउन मोदीसँग पर्याप्त आधार हुनेछ। दुवै देशमा आगामी वर्ष चुनाव हुने सन्दर्भमा यस्ता दाबीको महत्त्व बेग्लै हुनेछ।

'चिनियाँ खतरा' को चर्चा

'चिनियाँ खतरा' प्रत्यक्षरूपमा संयुक्त वक्तव्यमा समाविष्ट छैन, तर भ्रमणभरि चीन सान्दर्भिक रहेको थियो। वाशिङ्टन र नयाँ दिल्लीले बेइजिङको बढ्दो

विश्वव्यापी महत्त्वाकाङ्क्षाहरूको सामना गर्ने तरिकाहरू खोज्दै गर्दा यो भ्रमण भएको छ। ती दुवै देशले चीनको प्रभुत्वमा रहेको एशिया वा चिनियाँ जबरजस्तीको अधीनमा रहेको इन्डो-प्यासिफिक क्षेत्र नहोस् भन्ने उद्देश्य राख्छन्।

जर्ज बुश र बाराक ओबामा प्रशासनका समयमा संयुक्त राज्यले एशियामा चीनलाई प्रभुत्व जमाउनबाट रोक्न भारतको शक्ति निर्माण गर्न मद्दत पुऱ्याउनेतर्फ ध्यान केन्द्रित गऱ्यो। डोनाल्ड ट्रम्प प्रशासनको समयमा अमेरिका-चीन सम्बन्ध बिग्रियो, जुन अवधिमा बेइजिङ र नयाँ दिल्ली बीचको सम्बन्धमा पनि गिरावट आएको थियो। त्यसपछि संयुक्त राज्यले चीनको बढ्दो शक्तिलाई नियन्त्रणमा राख्न भारतलाई अझ ठूलो सैन्य भूमिकातर्फ लैजाने अपेक्षा साथ सहयोग गर्न थाल्यो। मोदीलाई विकासोन्मुख देशहरूको आवाजको रूपमा लिइन्छ जुन संयुक्त राज्य र चीनको बीचमा छनोट गर्न बाध्य हुन चाहँदैनन्।

उनी आफ्नो सरकारको मुस्लिम अल्पसंख्यक आबादीप्रतिको व्यवहार र प्रेस तथा राजनीतिक प्रतिपक्षमाथिको अनुदारताका कारण आलोचनाको विषय पनि हुन्। वाशिङटनले ती चिन्ताहरूलाई पन्छाएर नयाँ दिल्लीसँगको रणनीतिक सहयोगलाई महत्त्व दिएको प्रस्टै छ। भारत-अमेरिकी साझेदारी हालैका वर्षहरूमा उल्लेखनीय रूपमा बढेको भए पनि, प्रत्येक देश यसतर्फ फरक बिन्दुबाट आएका छन्। त्यो तथ्यले मोदीको भ्रमणको मध्यम र दीर्घकालीन प्रभावलाई कम अनुकूल बनाउन सक्नेछ। भलै गत वर्ष अमेरिका र भारतले भारतको उत्तराखण्ड राज्यमा चीनसँगको विवादित सिमाना नजिकै संयुक्त सैन्य अभ्यास गरेका थिए। भारत पनि बाइडनको १४ सदस्यीय इन्डो-प्यासिफिक इकोनोमिक फ्रेमवर्कमा सामेल भयो। भारत र अमेरिकाबीचको वस्तु तथा सेवाको व्यापार गत वर्ष १९० अर्ब डलर पुगेको थियो र अमेरिका अहिले भारतको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो। दुई देशका कम्पनीहरूले एक अर्कामा महत्त्वपूर्ण लगानी गरेका छन्। गत ज्यानुअरीमा भारत र अमेरिका दुवै देशहरूमा उच्च प्रविधि उत्पादन र सेवाहरूको सह-विकास र सह-उत्पादनमा नेतृत्व गर्ने टेक्नोलोजी मूल्य-शृत्र ला साझेदारीको लागि मार्ग प्रशस्त गर्न क्रिटिकल एन्ड इमर्जिङ टेक्नोलोजीहरूमा यूएस-भारत पहल (आईसीईटी) को सुरुवातको घोषणा गरियो।

अमेरिकी सरकारी एवं व्यापारिक अधिकारीहरूले प्रमुख उत्पादित वस्तुहरूको आपूर्तिका लागि चीनमाथिको अमेरिकी निर्भरता कम गर्न खोज्दा भारत प्रमुख विकल्प हुन सक्छ। तथापि चीनको शक्ति र त्यसको भौगोलिक निकटतालाई ध्यानमा राख्दै, नयाँ दिल्लीले बेइजिङसँगको कुनै पनि अमेरिकी टकराबमा आफूलाई संलग्न गराउने सम्भावना छैन जसले आफ्नो सुरक्षालाई प्रत्यक्ष रूपमा खतरामा पार्दैन।

भारतको सबैभन्दा खतरनाक प्रतिद्वन्द्वीलाई कस्तो सन्देश

चीन भारतको सबैभन्दा खतरनाक प्रतिद्वन्द्वी बनेको भएता पनि, नयाँ दिल्ली अझै पनि बेइजिङसँग स्थायी सम्बन्ध तोड्ने कुनै पनि काम नगर्न खोज्छ। भारतीय नीति निर्माताहरूले चिनियाँ र भारतीय राष्ट्रिय शक्तिबीचको असमानतालाई स्वीकार गर्छन्। नयाँ दिल्लीको सापेक्षिक कमजोरीले बेइजिङलाई उक्साउनबाट जोगिन बाध्य बनाउँछ। दुई देशको लामो सीमालाई हेर्दा चीनले विभिन्न तरिकाले भारतीय सुरक्षालाई खतरामा पार्न सक्छ भन्ने कुरा भारतलाई थाहा छ।

दीर्घकालीन रूपमा यी विरोधाभासहरू अझ कडा हुन सक्छन्। संयुक्त राज्य अमेरिकाको लागि, भारत एशियामा एक विशाल, निर्णायक शक्ति हो जुन महत्त्वपूर्ण समुद्री मार्गहरूमा बस्छ र चीनसँग लामो, विवादित भूमि सीमा साझा गर्दछ। भारतको लागि संयुक्त राज्य अमेरिका उन्नत प्रविधि, शिक्षा र लगानीको आकर्षक स्रोत हो। भारतको अमेरिकासँग काम गर्ने इच्छा परिस्थितिबाट जन्मेको हो, विश्वासबाट होइन। स्वतन्त्र रूपमा खतराहरूसँग सामना गर्न आफ्नै राष्ट्रिय क्षमताहरू निर्माण गर्न अमेरिकी सहयोग प्राप्त गर्नु भारतको प्राथमिकता रहेको देखिन्छ।

सम्बन्धको सैद्धान्तिक आधार पनि देखिएको जस्तो दरिलो नहुन सक्छ। कति अमेरिकी नीति-निर्माताहरूको विचारमा साझा लोकतान्त्रिक सिद्धान्तहरूका आधारमा व्यापक रणनीतिक महत्त् वसहितको स्थायी अमेरिका-भारत सम्बन्धको भविष्य उज्ज्वल रहेको छ।विश्वका दुई ठूला लोकतन्त्रबीच समान विश्वव्यापी दृष्टिकोण र चासोहरू छन्। तदनुसार, वाशिङटनले उदार अन्तर्राष्ट्रिय व्यवस्थाभित्र भारतको अडानलाई बलियो बनाउन खोजेको छ र आवश्यक पर्दा विश्व प्रणालीको रक्षार्थ उसको योगदान खोजेको छ।

गठबन्धन बन्न लागेको हो?

निश्चय पनि अमेरिका-भारत सम्बन्धमा विगत चौथाइ शताब्दीमा व्यापक परिवर्तन भएको छ, तर त्यो परिवर्तनले अन्य निकटतम अमेरिकी गठबन्धनहरू जस्तै साझेदारी प्रदान गरेको छैन। भारतीय नेताहरूले लामो समयदेखि विदेश नीति स्वतन्त्रतालाई विश्वमा भारतको दृष्टिकोणको केन्द्रीय विशेषताको रूपमा प्राथमिकता दिएका छन्। हुन त तटस्थता अब व्यवहार्य विकल्प नरहेको भन्दै भारत भित्रै आवाज बढिरहेको छ।

यो दृष्टिकोण अनुसार दक्षिण एसिया र अन्य क्षेत्रमा चीनको राजनीतिक र आर्थिक प्रगतिले भारतको हितलाई कमजोर बनाउँछ। भारतलाई खुफिया जानकारी आदान-प्रदान गरेर मद्दत गर्न सक्ने भरपर्दो बाह्य साझेदार बिना आफ्नो अपर्याप्त प्रतिरक्षा क्षमता माझ नयाँ दिल्ली बेइजिङको षड् यन्त्रको चपेटामा पर्न सक्नेछ। तर भारत कुनै पनि महाशक्तिको कनिष्ठ साझेदार बन्नबाट जोगिन चाहन्छ। बहु ध्रुवीय संसारमा आफैंमा एक ध्रुव बन्न चाहने नयाँ दिल्लीले विदेश नीतिमा आफ्नो महत्त्वपूर्ण 'रणनीतिक स्वायत्तता' लाई कमजोर पार्ने सम्भावना देखिँदैन।

चीनसँगको विवादित सीमामा भएका झडपको बाबजुद, भारतले अस्ट्रेलिया, जापान र संयुक्त राज्य अमेरिकासँगको आफ्नो सुरक्षा साझेदारी – जसलाई क्वाड भनिन्छ – लाई चीन विरुद्धमा अँगाल्न आनाकानी गरेको छ। युक्रेनमा रुसी आक्रमणको निन्दा गर्न कडा इन्कार गरेकोमा मोदी र उनका विदेशमन्त्री सुब्रह्मण्यम जयशंकर दुवैको भारतभित्र प्रशंसा गरिएको छ। तटस्थताको यो अडान, उनीहरूले तर्क गर्ने गरेका छन्, भारतको हितलाई राम्रोसँग सेवा गर्दछ।

त्यसो त कतिले औपचारिक गठबन्धनको जमाना जान लागेको एवं खुकुलो साझेदारी नै भविष्यको बाटो रहने बताउँछन्। तर त्यसमा अस्पष्टता र अनिश्चितताको वर्चस्व रहने खतरा नकार्न सकिँदैन। नेपालमा नयाँ दिल्ली र बेइजिङ पहिले नै भू-रणनीतिक प्रतिद्वन्द्वमा फसेका छन्। अमेरिका र भारतबीच सहकार्यभन्दा विरोधाभास रहेमा नेपालले थप चुनौतीहरूको सामना गर्नुपर्नेछ।

भारतले नेपालमा चीनलाई उसले चीनको दबाबको सामना गर्न सक्ने ठाउँसम्म मात्रै चुनौती दिनेछ। त्यो प्रयासमा अमेरिकी सहयोग खोज्दा वा पाउँदा भारतले नचाहेको स्तरमा तनाव बढाउन सक्छ। चीनसँगको प्रतिस्पर्धामा अमेरिका भारतको पक्षमा खुलेर नआउँदाको अवस्थामा नेपालले तीन मोर्चामा कठिनाइको सामना गर्नु पर्ने हुनेछ। यो अस्थिर त्रिभुज माझ नेपालले आफूलाई कति राम्रोसँग डोऱ्याउन सक्छ त्यसले राष्ट्रिय स्थायित्व एवं दीर्घकालीन हित निर्धारण गर्नेछ।

विश्वकप छनोट क्रिकेटमा नेपाल सुपर सिक्समा पुग्न सकेन

बीबीसी

जिम्बाब्वे । आखिरमा जित्ने पर्ने भनिएको एउटा महत्त् वपूर्ण खेलमा ब्याटिङ नचलेपछि राष्ट्रिय क्रिकेट टोली एकदिवसीय विश्वकप छनोटको सुपर सिक्समा पुग्न असफल भएको छ। जिम्बाब्वेको हरारेमा शनिवार भएको खेलमा नेपाल ७ विकेटले पराजित भयो।

पछिल्ला दुई खेलमा प्रभावकारी ब्याटिङ गरेको नेपाल नेदरल्यान्ड्सको अगाडि भने चल्न सकेन। टोलीले ४४.३ ओभरमा अलआउट हुँदै जम्मा १६७ रनको मध्यम स्कोर बनायो। जसलाई अनुभवी नेदरल्यान्ड्सले ३ विकेटको क्षतिमा २७.१ ओभरमा सहजै पूरा गऱ्यो।

हारसँगै नेपालको सुपर सिक्स पुग्ने ढोका बन्द भएको छ। चार खेलमध्ये एउटामा मात्रै जितेको नेपालको २ अङ्क छ भने नेदरल्यान्ड्सले ४ अङ्क जोडेर सुपर सिक्स सुनिश्चित गरेको छ।

विश्वकप क्रिकेटको छनोट चरण अन्तर्गत पाँच-पाँचवटा टोली रहेको दुई समूहबाट शीर्ष तीन टोली सुपर सिक्समा पुग्ने नियम छ। सुपर सिक्सका शीर्ष दुई टोलीले भारतमा आगामी सेप्टेम्बरमा हुने एक दिवसीय विश्वकप क्रिकेट खेल्नेछन्।

सुपर सिक्समा पुग्न नसकेपछि अब नेपालले सातौं देखि दशौं स्थानका लागि प्रतिस्पर्धा गर्नेछ। छनोट चरणमा रहेका दुई समूहका १० मध्ये अन्तिम चार टोलीले त्यस स्थानका लागि खेल्नेछन्।

जिम्बाब्वेको ताकासिङ्गे स्पोर्टस् क्लबमा टस जित्नु नेदरल्यान्ड्सका लागि पहिलो फाइदा थियो। नेदरल्यान्ड्सले नेपाललाई ब्याटिङको निम्तो दियो। हारले सुपर सिक्सको बाटो बन्द हुने बुझेको डच टोलीले नेपाल विरुद्ध गतिलो रणनीति बुनेर आएको देखियो।

नेपाली खेलाडीहरू 'शर्ट बल' खेल्न गाह्रो मान्छन्। नेपालको कमजोरी बुझेका नेदरल्यान्ड्सले शर्ट बलको जालो बुन्यो। जुन पूर्ण रूपमा सफल भयो। नेपालका ७ जना खेलाडीहरू विपक्षीको 'शर्ट बल' को सिकार हुन पुगेका

थिए। ओपनर आशिफ शेख तीव्र गतिका बलर लोगन भान विकको बलमा तेस्रो ओभरमा बोल्ड भएसँगै नेपालको पहिलो विकेट पतन भयो। भान विकले नेदरल्यान्ड्स सर्वाधिक ४ विकेट लिए।

अर्का ओपनर कुशल भुर्तेलले २७ रन बनाए। उनले ४२ बलमा २ चौका प्रहार गरेका थिए। भुर्तेल र भीम सार्कीले त्यसपछि ढिलो खेल्दै इनिङ सम्हालेका थिए। यो जोडीले दोस्रो विकेटका लागि ३७ रनको साझेदारी पनि गरे। तर उल्लेख्य रन भने जोड्न सकेनन्।

जम्मा २२ रन बनाएर सार्की आउट हुँदा नेपाल १८.१ ओभरमा ४ खेलाडी गुमाई ६६ रनको कमजोर स्थितिमा थियो। नेपालबाट कप्तान रोहित पौडेलले सर्वाधिक ३३ रन बनाए। उनी पनि शर्ट बल खेल्ने धुनमा क्याच आउट हुन पुगेका थिए।

त्यसपछि आएका कुशल मल्लले पनि १२ रन मात्र जोड्न सके। आरिफ शेख टिक्न नसक्नु पनि नेपाललाई घाटा भयो। उनी ६ रन मात्र बनाएर पवेलियन फर्किए। दीपेन्द्र सिंह ऐरी पनि अनावश्यक शर्ट बल खेल्न खोज्दा १४ रनमा आउट भए।

गुलशन झाले ९ रनमा खेलिरहँदा एक पटक जीवनदान पाएका थिए। तर उनको इनिङ्स पनि लामो हुन सकेन। उनले जम्मा १५ रन जोडे। गुलशन लगत्तै करण केसी पनि १ रनमै आउट भए। दुवै खेलाडी शर्ट बलमा उस्तै शैलीमा आउट भएका थिए।

एक समय छिट्टै नै अल आउट हुने खतरामा परेका बेला गुलशन र सन्दीप लामिछानेले मिलेर ३२ रनको साझेदारी गर्दै टिमको स्थिति अलिक सुधारेका थिए। लामिछानेले केही समय रोमाञ्चक ब्याटिङ क्षमता प्रस्तुत गरे। जम्मा ३३ बलको सामना गरेका उनले ४ चौका प्रहार गरेका थिए। उनले बनाएको २७ रन नेपालको दोस्रो ठूलो स्कोर थियो।

उनले खेललाई ५० ओभर सम्म लम्ब्याउने प्रयास गरेका थिए। तर ४४.३ ओभरमा छक्का हान्ने धुनमा उनी बाउन्ड्री लाइनमा समातिन पुगे।

मध्यम लक्ष्य पाएको नेदरल्यान्ड्सले फटाफट रन बटुल्यो। ओपनर म्याक्स ओडोड र विक्रमजित सिंहले १३ ओभरमा ८६ रनको साझेदारी गर्दै छिट्टै खेल टुङ्ग्याउने सङ्केत गरिदिएका थिए। चौथो ओभरमा ओडोड १५ रन बनाएर खेलिरहँदा उनले जीवनदान पाएका थिए। ललित नारायण राजवंशीको बलमा कुशल भुर्तेलले उक्त क्याच छोडेका थिए।

त्यसपछि झन आक्रामक देखिएका ओडोडले ९० रन बनाए। उनलाई गुलशन झा ले बोल्ड गरे। १३ औं ओभरमा सन्दीप लामिछानेले ओपनिङ साझेदारी तोडेका थिए। उनले ३० रन बनाएर खेलिरहेका विक्रमजित सिंह लाई एलबीडब्लुको धरापमा पारेका थिए। लामिछानेले वेस्ली वारेसजीको विकेट पनि लिए।

बेइजिङका विद्यालयहरूलाई गर्मीमा धेरै बाहिरी गतिविधिहरू नगर्न आग्रह

सिन्ह्वा

बेइजिङ। चीनको राजधानी बेइजिङका प्रमुख भागहरूमा पछिल्लो समय उच्च तापक्रमको अनुभव भइरहेको भन्दै नगर अधिकारीहरूले विद्यालयहरूलाई बाहिरी गतिविधि आयोजना नगर्न आग्रह गरेका छन्।

नगर शिक्षा अधिकारीहरूले स्थानीय विद्यालयहरूलाई विद्यार्थीहरूको भलाई सुनिश्चित गर्नका लागि धेरै बाहिरी गतिविधिहरू आयोजना नगर्न आग्रह गरेका हुन्। शुक्रबार राति, सम्बन्धित अधिकारीहरूले एक सूचना जारी गर्दै विद्यार्थीहरूको लागि बाहिरी गतिविधिहरूको समय परिमार्जन गर्न र उच्च तापमान मौसमको अवधिमा कक्षाहरू कम गर्न वा स्थगित गर्न विशिष्ट उपायहरू सोच्न आग्रह गरेका हुन्।

आइतबारदेखि सुरु हुने तीन दिने ड्रागन बोट फेस्टिभलको बिदापछि विद्यालयहरूलाई चर्को गर्मीका कारण विद्यार्थीहरूका लागि धेरै 'आउटडोर' गतिविधिहरू आयोजना नगर्न सल्लाह दिइएको सूचनामा उल्लेख छ।

बेइजिङले शुक्रबार उच्च तापक्रमका लागि 'रेड अलर्ट' जारी गरेको छ। चीनको सावधानी प्रणालीमा यो सबैभन्दा कडा चेतावनी हो। शहरको मौसम विज्ञान केन्द्रले यसअघि गरेको पूर्वानुमानअनुसार बेइजिङका अधिकांश क्षेत्रमा शुक्रबारदेखि आइतबारसम्म अधिकतम तापक्रम ३७ देखि ४० डिग्री सेल्सियससम्म रहने अनुमान गरिएको छ।

रुसी सेनाले विद्रोह रोक्न वाग्नर लडाकुहरूको 'सुरक्षाको ग्यारेन्टी' दिने

एएफपी

मस्को। रूसी सेनाले मस्कोको सैन्य नेतृत्व विरुद्ध विद्रोह गर्न रोक्न वाग्नर भाडाका सैनिकहरूको "सुरक्षाको ग्यारेन्टी" गर्ने बताएको छ।

"हामी पीएमसी वाग्नरको आक्रमण टोलीका लडाकुहरूलाई अपील गर्दैछौं। तपाईंलाई (वाग्नर प्रमुखको येभगेनी) प्रिगोजिनको आपराधिक उद्यम र सशस्त्र विद्रोहमा भाग लिएकोमा धोका दिइयो," सेनाले विज्ञप्तिमा उल्लेख गरेको छ। सेनाले लडाकुहरूलाई "स्थायी तैनथीका ठाउँहरू" मा फर्कन मद्दत माग्न पनि आह्वान गरेको छ।

"हामी तपाईंलाई कारण देखाउन र रूसको रक्षा मन्त्रालय वा कानून प्रवर्तनका प्रतिनिधिहरूसँग सम्पर्कमा रहन आग्रह गर्दछौं। हामी सबैको लागि सुरक्षाको ग्यारेन्टी गर्छौं" विज्ञप्तिमा भनिएको छ।

'सबै कुरा रुसमा शुरु हुँदैछ': युक्रेनका राष्ट्रपतिका सहयोगी

एएफपी

कीभ। रूसद्वारा युक्रेन आक्रमण भएको १६ महिनापछि रुसका वाग्नर भाडाका सैनिकहरूले कब्जा गरेको युक्रेन क्षेत्रबाटबाट विद्रोह गर्दै रुस पुग्दै गर्दा विभिन्न घटनाहरू "भखरै शुरु" हुँदै गएको कीभले शनिबार बताएको छ।

"रुसमा सबै कुरा भखरै शुरु हुँदैछ," राष्ट्रपतिका सहयोगी मिखाइलो पोडोल्याकले ट्विटरमा लेखेका छन्। "अभिजात वर्गबीचको विभाजन एकदमै स्पष्ट छ। सबै कुरा मिले पनि, सहमत भए पनि, सधै सबै काम गर्दैन" पोडोल्याकले ट्विटरमा लेखेका छन्।

आणविक सुरक्षा बारे रुसमा छलफल

सिन्ह्वा

मस्को। रुसको रोसाटोम स्टेट कर्पोरेशनका महानिर्देशक एलेक्सी लिखाचेभले रुसको कालिनिनग्रादमा अन्तरराष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफेल ग्रोसीसँग जापोरिज्जिया आणविक ऊर्जा केन्द्र वरपरको वर्तमान आणविक सुरक्षा अवस्थाबारे छलफल गर्नुभएको छ।

छलफलका क्रममा दुवै प्रतिनिधिहरूले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा ग्रोसीले उठाएका मुद्दाहरूलाई सम्बोधन गर्नु भएको छ।

लिखाचेभले जोड दिदै भन्नुभयो- रूसी पक्षले "आईएईए सचिवालयले केन्द्र वरपरको इलाकामा युक्रेनी सशस्त्र बलहरूले आक्रमण रोक्नका लागि विशेष कदम चालेको आभास मिलेको बताउँनु भएको छ। उहाँले ग्रोसीलाई आणविक केन्द्रको सुरक्षित सञ्चालन सुनिश्चित गर्नका लागि हाल रुसी पक्षले चालेका विशेष उपायहरूको बारेमा जानकारी गराउँनु भएको थियो।

विशेष गरी पानी आपूर्ति "युक्रेनी सशस्त्र सेनाले काखोभका हाइड्रोइलेक्ट्रिक पावर प्लान्टको बाँध नष्ट गरेपछि," उत्पन्न सङ्कट लगायतका विषयमा छलफल भएको रोसाटोमले बताउँनु भएको छ।

वार्तामा दुवै पक्षले जुन १५ मा ग्रोसीको प्लान्टको भ्रमणको नतिजाबारे पनि थप छलफल गर्नु भएको छ।

आफ्नो भ्रमणको क्रममा ग्रोसीले प्लान्टले सुरक्षित रूपमा सञ्चालन गर्न सक्छ कि सक्दैन भन्ने विषय व्यावहारिक रूपमा प्रमाणित गर्न सक्षम भएको पनि छलफल गरिएको छ।

वाग्नर लडाकुलाई आत्मसमर्पण गर्न रूसको आग्रह, मस्कोमा सुरक्षा व्यवस्था कडा

सिन्ह्वा

मस्को। रूसमा वाग्नर लडाकूसमूहले सशस्त्र विद्रोहको प्रयास गरेको भन्दै रूसी रक्षा मन्त्रालयले उक्त समूहलाई शनिबार आत्मसमर्पण गर्न आग्रह गरेको छ।

"हामी तपाईंलाई विवेकशील हुन र रूसी रक्षा मन्त्रालय वा कानून प्रवर्तन एजेन्सीका प्रतिनिधिहरूसँग जतिसक्दो चाँडो सम्पर्कमा आउन आग्रह गर्दछौं। हामी सबैको सुरक्षाको प्रत्याभूति दिनेछौं," मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

रूसी संघीय सुरक्षा सेवाको जनसम्पर्क केन्द्रले वाग्नर निजी सैन्य समूहका प्रमुख येभगेनी प्रिगोजिनविरुद्ध सशस्त्र विद्रोहका लागि उक्साएको अभियोगमा फौजदारी मुद्दा दायर गरिएको जनाएको छ। प्रिगोजिनको टेलिग्राम च्यानलमार्फत् विद्रोहको चेतावनीका थुप्रै श्रव्य सामग्री पोस्ट गरिएपछि यो अपिल आएको हो। रूसी समाचार संस्था तासका अनुसार यी रेकर्डिङमा प्रिगोजिनले आफ्नो एकाइमा आक्रमण भएको दाबी गर्दै रूसको सैन्य नेतृत्वलाई आक्रमण गर्ने योजना बनाएको उल्लेख छ। यी घटनाहरूपछि मस्कोमा सुरक्षा उपायहरू उल्लेखनीय रूपमा सुदृढ गरिएको छ। अत्यावश्यक सुविधाहरू, राज्यका संस्थाहरू र यातायात पूर्वाधारहरूलाई उच्च सुरक्षामा राखिएको छ र प्रहरी र प्रतिकार्य एकाइहरू उच्च सतर्कतामा राखिएको तास समाचार एजेन्सीले जनाएको छ।

युएईका विदेशमन्त्री र बेलाइत विदेश राष्ट्रमण्डल प्रतिनिधिबीच भेटवार्ता

एएनआई

अबुधाबी। युएईका विदेश मन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानले मध्यपूर्व, उत्तर अफ्रिका, दक्षिण एसिया र संयुक्त सङ्घका राज्यमन्त्री लर्ड तारिक अहमदसँग भेटवार्ता गर्नु भएको छ।

उहाँ बेलाइत विदेश राष्ट्रमण्डल र विकास कार्यालय एवम् द्वन्द्व रोकथाम विषयमा प्रधानमन्त्रीका विशेष प्रतिनिधि हुनुहुन्छ। अबुधाबीमा भएको भेटवार्तामा दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध र आपसी सहयोग र साझेदारीको समीक्षा भएको बताइएको छ।

उहाँहरूबीच आपसी हितका विभिन्न विषय, द्वन्द्वग्रस्त क्षेत्रमा नागरिकको सुरक्षा, उनीहरूलाई सहयोग र मानवीय प्रतिक्रिया प्रदान गर्ने बारे पनि छलफल गर्नुभएको थियो।

सो अवसरमा अन्तरराष्ट्रिय सङ्गठनको ढाँचामा संयुक्त सहयोगको समीक्षा, विकास र समृद्धिका लागि जनताको आकाङ्क्षा पूरा गर्नुका साथै विभिन्न क्षेत्र, विश्वको सुरक्षा, शान्ति र स्थिरता अभिवृद्धि गर्ने लगायतका विषयमा छलफल भएको थियो।

शेख अब्दुल्लाह बिन जायद, लर्ड तारिक अहमद बीच युएई-युके सम्बन्धको गहिराइ, विभिन्न क्षेत्रमा दुई देशद्वारा प्राप्त विशिष्ट रणनीतिक साझेदारीमा जोड दिइएको बताइएको छ।

महानगरका नीति तथा कार्यक्रम

मौलिकतासहितका सहरी पूर्वाधार निर्माणमा जोड

स्थानीय तहले हरेक आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण खुलाउनुपर्ने व्यवस्था रहेको छ। सङ्घ सरकारले पठाएको 'आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) को खाकासहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९' लाई हेरेर वार्षिक बजेटको काम स्थानीय तहले गर्छन्। काठमाण्डु, ललितपुर र वीरजञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम ल्याइसकेका छन् भने पोखरा, भरतपुर र विराटनगर महानगरपालिकाले भोलि आइतबार ल्याउँदैछन्।

काठमाण्डु । हरेक वर्ष जेठ १५ गते सङ्घीय बजेट र असार १ गते प्रदेशको बजेट सार्वजनिक गर्ने कानुनी व्यवस्थाअनुसार केन्द्र सरकार र प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट ल्याइसकेका छन् । सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत पठाउने रकमको टुङ्गो लागेसँगै स्थानीय तहले पनि आगामी आर्थिक वर्षको बजेटको अन्तिम तयारी गरिरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा पालिकाहरूले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र नगरसभामा पेस गर्नुपर्नेछ भनी व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार केहि पालिकाले आगागी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट ल्याइसकेका छन् भने अधिकांश पालिका आइतबार ल्याउने तयारीमा छन् ।

स्थानीय तहले हरेक आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण खुलाउनुपर्ने व्यवस्था रहेको छ । सङ्घ सरकारले पठाएको ' आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) को खाकासहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९.' लाई हेरेर वार्षिक बजेटको काम स्थानीय तहले गर्छन् ।

काठमाण्डु, ललितपुर र वीरजञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम ल्याइसकेकाछन्भनेपोखरा, भरतपुर र विराटनगर महानगरपालिकाले भोलि आइतबार ल्याउँदैछन् । महानगरको नीति तथा कार्यक्रममा आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमा गर्ने, कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा खरिद कार्ययोजना तर्जुमा गर्ने, वार्षिक योजना कार्यान्वयनको त्रैमासिक समीक्षा गर्नेलगायत विषयलाई प्राथमिकतामा राखेका छन् ।

त्यस्तै, मौलिकता झल्किने गरी सहरी पूर्वाधार तयार पार्ने, सहरी सुन्दरता कायम गर्ने गरी पूर्वाधार बनाउने, स्वास्थ्य, शिक्षा, खानेपानी, सहज यातायात सुविधालगायत नागरिकका मौलिक हकसँग जोडिएका विषयलाई ध्यानमा राखेर वार्षिक नीति तथा कार्यक्रम तयार पारिएका छन् । सहज सेवा प्रवाह, प्रविधिमैत्री सेवा प्रवाह, आर्थिक अनुशासन पालना, खर्चमा पारदर्शिता र मितव्ययितालगायत विषयलाई प्राथमिकता दिएर वार्षिक नीति तथा कार्यक्रम तयार पारिरहेका छन् ।

काठमाण्डु महानगरपालिका

काठमाण्डु महानगरपालिकाको १३औँ अधिवेशनको दोस्रो बैठकबाट शुक्रबार वार्षिक नीति तथा कार्यक्रम पारित गरिएको छ । 'सांस्कृतिक सहर, समृद्ध महानगर' को दीर्घकालीन सोचसहित आगामी वर्षका लागि महानगरपालिकाले ११ बुँदामा नीति र एक सय २५ बुँदामा कार्यनीति पेस गरेको छ । सहरी पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको छ । धुलोधुँवारहित महानगर, एक वडा एक पार्क र खेल मैदान, सडकका खाल्डाखुल्डी पुर्ने तथा सबै भित्री सडक कालोपत्र गर्ने वार्षिक योजना महानगरको रहेको छ ।

त्यस्तै, एक लाख बिरुवा रोप्ने, 'वन स्टप सर्भिस सेन्टर'मा आधारित यातायात प्रणाली सञ्चालन गर्ने, परम्परागत खाद्य तथा पेय पदार्थको ब्रान्डिङ गरेर निर्यात गर्ने, कम्तीमा पाँच हजार रोजगारी सिर्जना गर्ने, तीन वर्षभित्र निर्माण सम्पन्न हुनेगरी १० वटा महानगर गौरवका योजना सञ्चालन गर्ने नीति महानगरले लिएको छ । ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, चैत्य, स्तूपा आदिको अभिलेख राखी संरक्षण गरिने पनि वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ ।

अर्गानिक खाद्य तथा तरकारीमा आत्मनिर्भर बनाउन कम्तीमा एक वडामा एग्रोपुलिङ सुरुआत गर्ने उद्देश्य महानगरको रहेको छ । महानगरभित्र निजीस्तरमा सञ्चालित कन्सलटेन्सी, कोचिङ सेन्टर, तालिम केन्द्र, छात्राबास आदिको प्रभावकारी नियमन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

स्वास्थ्य क्षेत्रमा नगर अस्पताल सञ्चालन, निजी तथा सामुदायिक अस्पतालसँगको सहकार्यमा सुलभ फार्मेसी सञ्चालन गरी औषधि खरिदमा सहुलियत दिने, आर्थिक रूपमा कमजोर र विपन्न नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने नीति काठमाडौँ महानगरको रहेको छ । सबै बस स्टपमा फल्चा तयार पार्ने, सार्वजनिक शौचालय बनाउने, खानेपानी तथा फ्री वाइफाइ जडान गरिनेलगायतका विषय वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ । त्यस्तै, तीनकुनेको जग्गामा मुआब्जा विवाद टुङ्ग्याएर अन्तरराष्ट्रियस्तरको पार्क निर्माण गर्ने योजना महानगरको छ ।

'गरिखाने शिक्षा, महानगरको इच्छा', 'एक विद्यालय एक नर्स', 'एक विद्यालय एक सामाजिक सहजकर्ता', 'सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा', 'सुलभ फार्मेसी', 'धुलोरहित काठमाण्डु', 'सुन्दर महानगर', 'उज्यालो सहर, मेरो महानगर' यस वर्षको कार्यनीतिमा समेटिएका छन् । यस्तै 'संस्कृति, सम्पदा र पर्यटन, महानगरको धन', 'न्याय चौतारी', 'एग्रोपुलिङ', 'साथी महानगर', ' एक टोल, एक खेलकुद पूर्वाधार', 'डुबान समाधान', 'सुशासनका लागि अनलाइन सेवा', 'महानगरले देख्छ', 'मेरो रहर, हरित सहर ', ' मिसन २१००' कार्य नीति छन् ।

ललितपुर महानगरपालिका

ललितपुर महानगरपालिकाले तेस्रो नगरसभाबाट असार ६ मा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम नगर सभामा पेस गरेको छ।

सम्पदा संरक्षणसहित सहरी पूर्वाधार निर्माण, नागरिकको मौलिक हकका रूपमा रहेका शिक्षा, स्वास्थ्य, खानेपानीलगायत विषयलाई महानगरले आगामी आर्थिक वर्षको आफ्नो नीति तथा कार्यक्रममा राखेको छ । नागरिकका गुनासो सम्बोधन गर्ने विषयलाई पनि महानगरले प्राथमिकतामा राखेको छ । त्यस्तै, रोजगारी सिर्जनाका लागि श्रम बैंकको स्थापना, पूर्वाधार निर्माणका लागि आयोजना बैंकको तर्जुमा गर्ने नीति ललितपुर महानगरले लिएको छ ।

महानगरले स्वास्थ्य क्षेत्रमा नगर अस्पताल बनाउन अध्ययन थाल्ने, एम्बुलेन्स सेवा विस्तार गर्नेलगायत कार्यक्रम राखेको छ । शिक्षा क्षेत्रमा तीन कक्षासम्मको पढाइ नेपाल भाषा (नेवारी) मा गर्ने र प्रत्येक वर्ष माथिल्ला कक्षामा क्रमशः नेपाल भाषाका कक्षाहरू थप गर्दै लगिने उल्लेख छ ।

सामुदायिक विद्यालयमा नेपाल भाषाको पठनपाठन गर्न प्रत्येक विद्यालयमा एकजना शिक्षकको व्यवस्था गरिनेछ । ऐतिहासिक तथा परम्परागत स्थलहरू, सम्पदा, संस्कृति, रहनसहन, खानपान, सीपलाई प्रोत्साहन गर्नेगरी पाठ् यक्रम बनाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

महानगरभित्र हरियाली प्रवर्द्धन गर्ने नीतिअनुरुप विभिन्न स्थानमा पार्क निर्माण गर्ने, आवश्यक स्थानमा आकाशेपुल निर्माण, धुलोरहित सडक व्यवस्थापनका लागि नक्खु खोला र अन्य उपयुक्त स्थानमा टिपर पखाल्ने प्रविधि जडान गर्नेलगायतका कार्यक्रम राखिएको छ । टिपरलगायत मालवाहक सवारीसाधन आवागमन नक्खु र बागमती करिडोरबाट मात्रै गर्ने व्यवस्था पनि वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ ।

परम्परागत पानीका मुहान, ढुङ्गेधारा, कुवा, इनार, पोखरीजस्ता स्रोतलाई संरक्षण गर्ने नीति ललितपुर महानगरले लिएको छ । त्यस्तै, सिस्नेरी खोलाको पानी उपत्यकामा ल्याउन सम्बन्धित निकायसँग सहकार्य गर्ने, हरेक घरमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउने, पानीको वितरण प्रणालीलाई व्यवस्थित गर्ने, पैदल यात्रुलाई शुद्ध पिउने पानीको व्यवस्थाका लागि 'वाटर एटिएम' सञ्चालन गर्ने लगायतका योजना वार्षिक नीति तथा कार्यक्रममा राखिएका छन् । एक वडा एक हरियाली उद्यान निर्माण गर्ने, मुख्य सडकका फुटपाथमा बिरुवा रोप्ने, योगशाला निर्माण गर्ने, परम्परागत चौतारा संरक्षण र निर्माण गर्ने, वातावरण प्रहरी कार्यक्रम सञ्चालन गर्नेलगायत योजना वार्षिक नीति तथा कार्यक्रममा राखिएका छन् । विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्ने र ४० माइक्रोनभन्दा कमका प्लास्टिक झोला प्रयोगमा रोक लगाउने नीति ललितपुर महानगरपालिकाको नीति तथा कार्यक्रममा राखिएको छ । महानगरले कालोपत्र भएका सडक कम्तीमा दुई वर्षसम्म नखन्ने नीति लिएको छ ।

त्यस्तै, चक्रपथको सडकमा थप आकाशे पुल निर्माण गर्ने, भर्टिकल पार्किङ निर्माण गर्ने, साइकल लेन तयार पार्ने लगायतका योजना राखिएका छन् । सबै वडामा सार्वजनिक शौचालय बनाउने, पैदल यात्रुलाई खानेपानीको सुविधा दिन 'वाटर एटिएम' बनाउने पनि वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ । विश्व सम्पदा क्षेत्रमा रहेका घर तथा भवन पुरातात्विक मापदण्डअनुसार बनाउने नीति ललितपुर महानगरको रहेको छ ।

पाटन दरबार क्षेत्रमा सवार ीसाधन निषेध गर्ने, हस्तकला संरक्षणका लागि कला संरक्षण तथा अध्ययन केन्द्र स्थापना गर्ने, मापदण्डबाहिरका भवनलाई मापदण्डमा ल्याउने, खोकना र बुडमतीलाई सांस्कृतिक एवम् पर्यटकीय क्षेत्रका रूपमा घोषणा गर्नेलगायत कार्यक्रम राखिएका छन् । परम्परागत राजकुलोलाई ब्युँताउँदै टीकाभैरव क्षेत्रबाट लगनखेलसम्म ल्याइने र रातो मत्स्येन्द्रनाथको रुटको संरचना व्यवस्थित गरिने महानगरको योजना छ ।

वीरगञ्ज महानगरपालिका

वीरगञ्ज महानगरपालिकाले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि र सबैका लागि अनिवार्य निःशुल्क शिक्षा उपलब्ध गराउन विद्यालय शिक्षा स्वयम्सेवा कार्यक्रम सञ्चालन गर्ने नीति लिएको विशेष नीति लिएको छ । पर्यटनमार्फत आर्थिक गतिविधिलाई गतिशीलता दिन वीरगञ्जलाई धार्मिक पर्यटन क्षेत्रका रूपमा अगाडि बढाइने जनाइएको छ ।

शिक्षामा सबैको पहुँच स्थापित गर्न विद्यालय भर्ना अभियान चलाउने र स्थानीय शिक्षा पाठ् यक्रम तर्जुमा गरी लागू गर्ने नीति वीरगञ्ज महानगरपालिकाको रहेको छ । सहिद परिवारका छोराछोरी गरिब, जेहेन्दार विद्यार्थी, अपाङ्ग, असहाय तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । त्यस्तै, पूर्ण साक्षर वडा घोषणा गर्दै पूर्ण साक्षर महानगरको अभियान चलाइने जनाइएको छ । आर्थिक रूपमा सबल बनाउन युवाहरूलाई पढाइसँगै रोजगारको नीति लिइने उल्लेख छ ।

त्यस्तै, स्वास्थ्य क्षेत्रमा आधार भूत स्वास्थ्य सेवाहरू निःशुल्क उपलब्ध गराइने जनाइएको छ । ज्येष्ठ नागरिक, महिला, बालबालिकाका लागि औषधि उपचार, गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुका लागि पोषणयुक्त खाद्यान्नको व्यवस्था गरिने पनि महानगरको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ । महानगरभित्र रहेका क्षयरोगीको सङ्ख्या शून्यमा झारी क्षयरोगमुक्त वीरगञ्ज घोषणा गर्ने योजना पनि महानगरको रहेको छ ।

वीरगञ्ज महानगरपालिकालाई स्वच्छ, सफा र सुन्दर बनाउन 'खुला नाला मुक्त सहर' को अवधारणा कार्यान्वयनमा ल्याइने जनाइएको छ । नगरका मुख्य स्थानमा समुदायको सहकार्यमा सार्वजनिक शौचालयहरू निर्माण तथा सञ्चालन गर्ने, नगर भित्रका सडक किनारा र सार्वजनिक स्थानहरूलाई हरियाली, सुन्दर र सफा राख्ने, टेलिफोन, इन्टरनेट, तथा टेलिभिजन सेवा प्रदायकहरूका तार र जथाभावी राखिएका होर्डिङ बोर्ड व्यवस्थित गरी नगर सौन्दर्य प्रवर्द्धन गर्ने नीति लिइएको छ ।

पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरू पहिचान गरी 'नगर आयोजना बैंक' तयार पार्ने नीति यो महानगरले लिएको छ । विगत ३५ वर्षदेखि अलपत्र परेको वीरगञ्ज वडा नं २५ सिर्सिया खल्वाटोलामा वीरगञ्ज नगर विकास समितिको व्यवस्थित सहरी विकास योजनाको जग्गा छुट् याउने कार्य सम्पन्न भइसकेकाले सम्पूर्ण पूर्वाधार व्यवस्थापन गरी नयाँ सहरका रूपमा विकास गरिने जनाइएको छ ।

नगर सडक गुरुयोजना तथा एकीकृत सहरी विकास योजना तर्जुमा गर्ने वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ । वीरगञ्ज चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी उक्त सडकका पूर्व-पश्चिम र उत्तर-दक्षिण लिङ्क रोडहरू निर्माण गर्ने अवधारणा कार्यान्वयन गरिने जनाइएको छ ।

महानगर क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने, आवासीय भवनमा 'एक घर-दुई बिरुवा' नीति लागू गर्नाका साथै पानी रिचार्जको व्यवस्था गर्नुपर्ने नियमलाई अनिवार्य गरिनेछ, नीति तथा कार्यक्रममा उल्लेख छ ।

महानगर क्षेत्रभित्र नयाँ बन्ने भवनहरूमा सडकतर्फ पाँच फिट सेट ब्याक छाडी घर बनाउनु पर्नेछ । महानगर क्षेत्रभित्र व्यावसायिक प्लटिङ गर्नेले अनिवार्य रूपमा प्लटिङ स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै, वीरगञ्ज महानगरपालिकाको सीमा क्षेत्र यकिन गरी नगर सिमानामा कलात्मक तथा वीरगञ्जको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वार निर्माण गरिनुका साथै वीरगञ्ज घण्टाघर नजिकको खाली जग्गामा भएको बजारलाई स्थानान्तरण गरी आधुनिक पार्क निर्माण अगाडि बढाइने वार्षिक नीति तथा कार्यक्रममा जनाइएको छ। रासस

सामाजिक सुरक्षा कोषद्वारा पाँच अर्ब दाबी भुक्तानी

काठमाण्डु । सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षा योजनाबापत योगदानकर्तालाई झण्डै रु पाँच अर्ब दाबी भुक्तानी गरेको छ । कोषले हालसम्म विभिन्न सुरक्षा योजनाबाट योगदानकर्तालाई रु चार अर्ब ७९ करोड भुक्तानी गरेको हो ।

कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गर्दै आएको छ । हालसम्म कोषबाट ८४ हजार छ सय ७३ योगदानकर्ताले विभिन्न योजनाबापत सुविधा लिएका छन् ।

औषधोपचार, स्वास्थ्य तथा मातृत्व योजनाबापत रु ५५ करोड ४४ लाख ४७ हजार चार सय आठ, दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गत रु छ करोड ७४ लाख ९२ हजार दुई सय ६२, आश्रित परिवार सुरक्षा योजनाबापत रु सात करोड ९६ लाख ७६ हजार दुई सय २६ र वृद्धावस्था सुरक्षा योजनाबाट रु चार अर्ब नौ करोड ५८ लाख ३३ हजार तीन सय ९९ भुक्तानी गरिएको कोषले जनाएको छ ।

कोषमा हालसम्म रु ३५ अर्ब १० करोड योगदान रकम सङ् कलन भइसकेको छ ।

कोषमा औपचारिक क्षेत्र र वैदेशिक क्षेत्रका श्रमिक आबद्ध हुँदै आएका छन् ।

अनौपचारिक र स्वरोजगार श्रमिकलाई पनि सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने क्रम अन्तिम चरणमा रहेको जनाइएको छ ।

कोषमा १७ हजार नौ सय ६४ रोजगारदाता र पाँच लाख ९२ हजार नौ सय २४ श्रमिक सूचीकृत भएका छन् । सरकारले २०७५ मङ्सिर ११ गते सामाजिक सुरक्षा योजनाको घोषणा गरेको थियो । रासस

स्थानीय तहले आज बजेट प्रस्तुत गर्दै

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सात सय ५३ स्थानीय तहको बजेट आइतबार सार्वजनिक हुँदैछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ र अन्तरसरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ मा भएको व्यवस्थाअनुसार प्रत्येक वर्ष असार १० गतेभित्र आर्थिक वर्षको राजस्व र व्यय(बजेट)को अनुमान स्थानीय तहले सम्बन्धित गाउँ वा नगरसभामा पेस गर्नुपर्छ । स्थानीय तहको आगामी आव २०८०/८१ का लागि शनिबारसम्म १० स्थानीय तहले बजेट पेस गरिसकेका छन् । अब सात सय ५३ स्थानीय तहले बजेट पेस गर्न बाँकी छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तहको बजेटको अद्यावधिकअनुसार कोशी प्रदेशका दुई, मधेश प्रदेशका एक, बागमती प्रदेशका एक, गण्डकी प्रदेशका चार र सुदूरपश्चिम प्रदेशमा दुई स्थानीय तहले बजेट पेस गरेका हुन् । असार १० गतेभित्रै सबै स्थानीय तहले नीति तथा कार्यक्रम ल्याउनुपर्ने र असार मसान्तसम्म बजेट पारित गर्नुपर्ने कानुनी व्यवस्था छ । चालु आव २०७९/८० का लागि ५२ पालिकाले समयमा बजेट पेस गर्न सकेका थिएनन् ।

मन्त्रालयको वेबसाइटमा उद्धृत सूचनाअनुसार चालु आवमा अहिलेसम्म दुई पालिकाले बजेट ल्याएको जानकारी प्रविष्ट गरेका छैनन् । पछिल्ला वर्षमा धेरै स्थानीय तहले निर्धारित समयभन्दा निकै पछिसम्म पनि बजेट सार्वजनिक गर्न सकेनन् । यसले गर्दा वित्तीय अनुशासनमा प्रश्न उठिरहेको छ भने बजेट ढिला आउँदा खर्चमा समेत प्रभाव पर्ने गरेको छ ।

समयमा बजेट सार्वजनिक नगर्ने स्थानीय तहमा शिक्षक तथा कर्मचारीलाई तलब दिन नसक्नेदेखि बजेट खर्च गर्नमा समस्या महालेखा परीक्षकको प्रतिवेदनले पनि पुष्टि गरेको छ । सङ्घबाट चार प्रकारका अनुदान र राजस्व बाँडफाँटबाट जाने रकम स्थानीय तहको बजेटको मुख्य स्रोतका रूपमा मानिन्छ । सङ्घीय सरकारले वार्षिक बजेटबाट स्थानीय तहलाई वित्तीय समानीकरण, सर्शत अनुदान, समपूरक विशेष अनुदान छुट्याएको हुन्छ । तर स्थानीय तहले बजेट समयमा नल्याउँदा अनुदान रकम पाउनमा समस्या देखिने गरेको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय सरकारले ऐनअनुसार असार १० गतेभित्र बजेट पेस भए नभएकालाई मूल्याङ् कनको एक सूचक मान्ने गरेको छ ।

कसरी बन्छ स्थानीय तहको बजेट ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बजेट पेस र पारित गर्ने व्यवस्था छ । उक्त ऐनको दफा ७१ अनुसार उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नुपर्ने व्यवस्था छ ।

उक्त बजेटको वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण खुलाउनुपर्नेछ ।

पेस भएको बजेटमाथि कार्यतालिका बनाई १५ दिनभित्र छलफलको काम सम्पन्न गरिसक्नुपर्नेछ । छलफल सम्पन्न भएपछि सभाले बजेट पारित गर्न वा सुझावसहित कार्यपालिकामा पठाउन सक्नेछ । सुझावसहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनःविचार गरी आवश्यक परिमार्जनसहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारणसहित सभामा पाँच दिनभित्र पुनःपेस गर्नुपर्नेछ । सभाले पेस भएको बजेट असार मसान्तभित्र पारित गरिसक्नु पर्नेछ ।

पहिलो निर्वाचनबाट गठन भएको गाउँपालिका तथा नगरपालिकाका पदाधिकारीले पद बहाली गरेको दुई महिनाभित्र बजेट पेस गर्न र पारित गर्न बाधा परेको नमानिने व्यवस्था छ । पूरक अनुमान तथा बजेटसम्बन्धी अन्य व्यवस्था स्थानीय कानुनबमोजिम हुनेछ । स्थानीय तहले स्थानीय कानुनबमोजिम कर तथा गैर करको व्यवस्था गर्न सक्छन् ।

स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम तथा बजेटले सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ र सङ्घ, प्रदेश र स्थानीय तहमा आयोजना बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ मा भएका व्यवस्थाबमोजिम कार्यक्रम तथा बजेट तर्जुमा गर्ने व्यवस्था छ ।

प्रशासनिक खर्च, राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त हुने रकमबाट सुनिश्चित गरी बाँकी रकम आआफ्नो अधिकार सूचीका अन्य विकासका कार्यक्रम सञ्चालन गर्नेगरी व्यवस्था मिलाउनुपर्छ। राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाहेक अन्य स्रोतलाई सवारीसाधन, भवन, जग्गा खरिदजस्ता प्रकृतिका कार्यमा खर्च नगर्ने अन्तरआबद्धता कायम हुनेगरी बनाउनुपर्छ।

राष्ट्रिय प्रणालीसँग सामञ्जस्य तथा मध्यमकालीन खर्च संरचना, बजेट, आयोजना तथ्याङ्क, योजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ् कन, विषय क्षेत्रगत व्यवस्थापन सूचना प्रणालीको तथा सञ्चालन गर्ने व्यवस्था विकास र सञ्जालीकरण मिलाउनुपर्छ। रासस

ड्रागन बोट रेस

चीनको सिचुवान च्याम्पियन, नेपाली टोली उपविजेता

पोखरा । पोखरामा आयोजना गरिएको नेपाल-चीन मैत्रीपूर्ण 'ड्रागन बोट रेस' प्रतियोगितामा नेपाली टोली उपविजेतामा सीमित भएको छ। फेवातालमा यही जेठ ८ देखि सुरु बोट रेसको आज सम्पन्न फाइनलमा चीनको सिचुवान ड्रागन बोर्ट टिमले दुई सय र पाँच सय मिटरको दुवै विधामा च्याम्पियन बन्न सफल भयो।

नेपाली टिम 'नारा ड्रागन बोट टिम'ले दुवै विधामा उपविजेता हुन सफल भएको छ । च्याम्पियन बनेको सिचुवान ड्रागन बोट टिमले दुवै इभेन्टमा गरी रु पाँच लाख ५० हजारका दरले रु ११ लाख नगद पुरस्कारसहित उपाधि हात पार्न सफल भयो ।

यसैगरी उपविजेता नेपाली टोली नारा ड्रागन बोट टिमले दुवै इभेन्टमा गरी रु सात लाख नगद पुरस्कार पायो । सिचुवानले पाँच सय मिटरको दूरी दुई मिनेट २० सेकेन्डमा पूरा गर्न सफल भयो । यसैगरी दुई सय मिटरको दौड ५३ सेकेन्डमा पार गर्दै दोहोरो उपाधि जित्न सफल भयो ।

नेपाली टिम नाराले भने पाँच सय मिटरको दूरी दुई मिनेट २३ सेकेन्डमा पूरा गर्न सफल भयो । यसैगरी दुई सय मिटरको दूरी भने ५६ सेकेन्डमा पार गर्दै उपविजेता भएको हो ।

ड्रागन बोट रेसमा चीनको तीन, नेपालको चार र सिङ्गापुरको एक टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । चीनको युनान प्रान्तको युनान ड्रागन बोट टोली दुवै विधामा तृतीय हुन सफल भयो ।

नेपालको नेपाल र्याफ्टिङ एन्ड क्यानोइङ एशोसिइएसन (एनआरसीए) चौथो भएको छ । प्रतियोगितामा सहभागी सबै टिमलाई जनही रु एक-एक लाख प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो ।

प्रतियोगिताका विजेता खेलाडीलाई राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली, नेपालस्थित चिनियाँ राजदूत छन् सोङ, पोखरा महानगर प्रमुख धनराज आचार्यलगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र पोखरा महानगरपालिकाको आयोजनामा बोट रेस तथा महोत्सव आयोजना गरिएको हो । पोखरा पर्यटन परिषद् र चाइनिज ओभरसिज एशोसिएसन पोखरा फेस्टिभलको सहयोगी संस्थाका रूपमा थिए ।

नेपाल र छिमेकी मित्रराष्ट्र चीनबीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउने र पर्यटन प्रवर्द् धन गर्ने उद्देश्यले बोट रेस तथा फेस्टिभलको आयोजना गरिएको हो । कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता दिइने पोखरा महानगरले जनाएको छ । रासस

असारे विकास सकाउने चटारो

ओम प्रकाश यादव

गरुडा । असार मसान्त आउनलाग्दा रौतहटमा यतिखेर धमाधम विकास निर्माणका काम भइरहेको देखिएको छ । असारे विकास सकाउन यतिखेर उपभोक्ता समिति र ठेकेदार हरुलाई भ्याइनभ्याइ भएको छ। वर्षभरी कामै नगरी बस्ने र आर्थिक वर्षको अन्त्यमा असारमा आएर मात्र बजेट सिध्याउने तीनवटै तहको सरकारले परिपाटीलाई अन्त्य गर्न सकेको छैन् ।

यसरी वर्षभरीको काम असार अर्थात एक महिनामा मात्र गर्नुपर्दा विकास निर्माणका कामहरु गुणस्तरीय नहुँदा सरकारको लगानी बालुवामा पानी फेरे झै हुने गरेको छ । जिल्लाको आधिकांश स्थानमा बजेट सिध्याउने असारे विकासको चटारो यसवर्ष पनि अत्यधिक देखिएको छ । देशको संरचना बदलिए पनि असारमा नै बजेट सक्न भ्याइनभ्याइ गर्ने प्रवृत्तिमा कमी आएको देखिदैन ।

असार सुरु भएदेखि नै मठ, मन्दिर, मस्जिद, विद्यालय भवन निर्माण, सडक ढलान, गोरेटो बाटो, नाली सफाइ, खानेपानी, सिँचाइ कुलो, पोखरी, मर्मतजस्ता काम टोलैपिच्छे चलिरहेका छन् । हरेक आर्थिक वर्षको अन्त्यमा हुने असारे विकास केवल बजेट सक्ने काम मात्रै हुने गरेको पाइन्छ। सरकारले बजेट पारित अघिल्लो वर्षको असारमै गरे तापनि बजेट सक्ने उद्देश्यले अन्तिम समयमा काम हुँदा गुणस्तरमा लापरबाही हुने गरेको छ । यसले गर्दा हरेक वर्ष विकास-निर्माणमा छुट्याइएको बजेट बालुवामा पानी हालेसरह हुने गरेको छ।

त्यस्तै,छोटो समयमा हुने विकास निर्माणको काममा ठूलो मात्रामा आर्थिक अनियमितता हुने गरेको छ । यो समयमा भएको विकास केबल क्षणिक हुन्छ । एकातर्फ वर्षायामा र अर्कोतर्फ छोटो समयमा भएको विकास कागजीरुपमा मात्र सीमित हुन्छ । वर्षायामको समयमा हुने विकास-निर्माणका कार्यहरू गुणस्तरीय नभइ केवल बजेट सक्ने काम मात्र हुने गरेको गढिमाई नगरपालिका-६ का हरिन्द्र यादवले बताए।

उनले भने, 'असारमा हुने कामहरु टिकाउ हुँदैन, उपभोक्ता समिति र ठेकेदारहरु काम सकाउनुपर्ने समय धेरै कम पाएको हुन्छ, असार मसान्त भित्रमा जसरी भए पनि काम सम्पन्न गर्नुपर्ने म्याद पाएको हुन्छ, त्यसैले असार मसान्तसम्म काम सम्पन्न नभए बजेट नै फ्रिज हुने डरले उनीहरु हतार हतारमा काम गर्नेगर्छन, यसरी हतारमा गरिएको काम एकातर्फ गुणस्तरीय नहुँदा टिकाउ हुँदैन भने अर्कोतर्फ ठूलो आर्थिक अनियमितता हुन्छ' । माधवनारायण नगरपालिका-६ का संजिव यादवले भने, असारमै बजेट खर्च गर्ने सरकारले यो एकदमै डरलाग्दो रोग हो, यो रोगको अन्त्य

नहुँदासम्म विकास निर्माणका कामले गति लिन सक्दैनन् । किन कि वर्षको अन्तिममा बजेट सक्नकै लागि काम हुन्छ त्यसले गुणस्तरीय काम हुन सक्दैन । यसतर्फ सरकारले अहिलेसम्म ध्यान दिन सकेको पाइँदैन । यो सरकारप्रति जनताको एउटा आशा र भरोसा थियो तर यो सरकारले पनि त्यसैलाई प्राथमिकता दियो ।

वर्षको अन्तिम महिनामा आएर अर्बौं/खर्बौं खर्च हुने जुन रोग छ त्यसलाई कदापि राम्रो मान्न सकिँदैन । यसको अन्त्यका लागि बजेट खर्चमा देखिएका प्रक्रियागत झन्झटको न्यूनीकरण गर्नै पर्छ । असारमै बजेट सक्नुपर्ने प्रक्रियाभन्दा त्यसलाई ३/४ महिना लम्ब्याउँदा गुणस्तरीय काम हुन सक्छ । अहिले सरसर्ती हेर्दा असारमा भुक्तानी दिने र असारमै बजेट सक्ने प्रथा छ ।

त्यसैले असारमा मात्र नभइ असार भन्दा अगाडि नै सरकारले बजेट विनियोजन गरेर विकास निर्माणका कामहरु गर्न लगाए विकासका कार्यहरु पनि प्रभावकारी, टिकाउ र गुणस्तरीय हुने तथा आर्थिक अनियमितता हुनबाट जोगिने भएको हुँदा असार भन्दा अगाडि नै काम गर्नुपर्ने वातावरण बनाउन सरकारलाई उनले सुझाव दिए । सरकारले विकास निर्माणका कामहरु एक महिना भित्रमा अर्थात असार मसान्तसम्म मात्र गर्न दिने समय दिने गरेका कारण एक महिनामा लाखौं करोडौंको काम सकाउन निकै समस्या हुने गरेको मधेश प्रदेश सरकारको सशर्त अनुदानबाट गरुडा नगरपालिकामा सडक ढलान गराउँदै गरेका एक उपभोक्ता समितिका अध्यक्षले बताए । ती अध्यक्षका अनुसार एक महिनामा काम सकाउन एक त मिस्त्री लेवर पाइँदैन तर पनि उनीहरुले ज्याला धेरै महंगो माग्ने गर्छन, काम गराउनेलाई उनीहरुले मागेकै जति ज्याला दिनुपर्ने बाध्यता हुन्छ । त्यस्तै,निर्माण सामग्रीको जोहो गर्नसमेत उतिकै समस्या हुने गर्छन, असारमा चारैतिर काम हुँदा निर्माण सामग्रीसमेत निकै महंगोमा पाउने गर्छन । यसरी छोटो समयमा काम गर्नुपर्दा एकातर्फ काम राम्रो संग हुँदैन भने अर्कोतर्फ उपभोक्ता समितिलाई आवश्यक्ता भन्दा बढी रकम खर्चसमेत हुने गर्छन ।

त्यसैले असारमा मात्रै बजेट खर्च गर्ने परिपाटीको अन्त्य गर्न सरकारलाई उपभोक्ता समितिका पदाधिकारीहरुको सुझाव छ । स्थानीय तहहरुमा बजेट खर्च गर्नका लागि अख्तियारी नै जेठमा आउने भएकाले असारमा सम्झौता र असारमै विकास गर्नुपर्ने बाध्यता रहेको स्थानीय तहका जनप्रतिनिधिहरु बताउँछन् ।

कमजोर सरकारी खर्च प्रणालीका कारण असारमा मात्रै आधा रकम खर्च हुने गरेको देखिन्छ । आर्थिक वर्षको सुरूवाती महिनामा खर्च गर्न नसक्दा र आर्थिक वर्षको अन्तिममा जथाभावी रकमान्तर गर्ने प्रवृत्तिले खर्च प्रणालीसमेत कमजोर हुँदै गएको छ ।

सबै स्थानीय तहमा जनप्रतिनिधिले जिम्मेवारी सम्हालेको वर्ष दिन वितिसके पनि वर्षभरि काम नगरी बस्ने र आर्थिक वर्ष सकिन लागेपछि हतारमा काम थाल्ने प्रवृत्ति हटेको छैन । करीब डेढ दशकदेखि असारे विकासको रोगले बजेटको ठूलो हिस्सा दुरुपयोग हुने क्रम जारी छ ।

११ महिनामा १ खर्ब ४२ अर्ब राजस्व असुली

टुडे समाचारदाता

वीरगञ्ज । देशकै प्रमुख भन्सार नाकाको रुपमा रहेको एकीकृत भन्सार जाँच चौकी आइसिपी वीरगञ्जले चालु आर्थिक वर्ष ०७९/०८० को ११ महिनामा १ खर्ब ४२ अर्ब ३० करोड ४१ लाख ६२ हजार रुपैयाँ राजस्व असुली गरेको छ।

अर्थ मन्त्रालय भन्सार विभागले आइसिपी भन्सारलाई ११ महिनाको अवधिमा २ खर्ब ३७ अर्ब ५८ करोड ६३ लाख ६२ हजार राजस्व उठाउने लक्ष्य तोकेको भए पनि आयात निर्यात व्यापार प्रभावित भएसँगै वीरगञ्ज भन्सारको राजस्व असुलीमा गिरावट आएको प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । तुलनात्मक

रुपमा हेर्दा लक्ष्य भन्दा ९५ अर्ब २२ करोड २२ लाख कम राजस्व असुली भएको र यसको प्रभाव मुलुकको अर्थतन्त्रमा पर्ने हुँदा अर्थविद्हरू चिन्तित भएका छन्।

चालु आर्थिक वर्षको ११ महिनामा वीरगञ्ज नाकाबाट हुने मालवस्तुको आयात निर्यात घट्नुको साथै सवारी साधनको आयात तथा खरिद विक्री प्रभावित भएसँगै यसको असर राजस्व असुलीमा परेको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक पन्थीले बताए ।

यसैगरी,वीरगञ्ज भन्सार कार्यालयले भन्सार राजस्वतर्फ ५० अर्ब ५० करोड ४९ लाख ९४ हजार राजस्व असुली गरेको छ भने मूल्य अभिवृद्धि करतर्फ ६३ अर्ब ८९ करोड ३७ लाख ७७ हजार राजस्व असुली गरेको छ।

त्यसैगरी,अन्त शुल्कतर्फ ९ अर्ब २ करोड ९९ लाख ८२ हजार असुली गरेको प्रमुख भन्सार अधिकृत राजेन्द्र प्रसाद चुडालले बताए ।

त्यसैगरी,वीरगञ्ज भन्सार कार्यालयले पूर्वाधार करतर्फ १२ अर्ब ५५ करोड ३७ लाख ८ हजार राजस्व उठाएको छ भने कृषि सुधार शुल्कतर्फ १ अर्ब ८४ करोड ८० हजार असुली गरेको छ ।

यसैगरी,वीरगञ्ज भन्सार कार्यालयले सडक मर्मत तथा सुधार दस्तुरतर्फ ३ अर्ब २१ करोड ९९ लाख ६० हजार राजस्व असुली गरेको छ भने सडक निर्माण तथा सम्भार दस्तुरमा १ अर्ब २५ करोड ८२ लाख ३५ हजार राजस्व असुल गरेको वीरगञ्ज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ ।

नेत्र रोग विशेषज्ञ डा. रुइत सम्मानित

टुडे समाचारदाता

जनकपुरधाम । विश्व विख्यात नेपालका वरिष्ठ नेत्र रोग विशेषज्ञ एवं आँखा सर्जन प्राध्यापक डा.सन्दुक रुइतलाई जनकपुरधाममा शनिबार आधा दर्जन सरकारी एवं सामाजिक संघ संस्थाहरूले सम्मान गरेका छन् ।

जानकी आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनरेश सिंहसहितकाले डा.रुइतलाई जानकी मन्दिरको प्रतीमासहितको मायाको चिनो र सम्मानित पत्र प्रदान गरेका थिए । खास गरी आँखा उपचारको क्षेत्रमा डा. रुइतले गरेको मेहनत र क्रियाशीलताले सिंगो देशकै गौरव बढाएको भन्दै उनलाई सम्मान गरिएको छ ।

कार्यक्रमका वक्ताहरुले स्वदेश तथा विदेशमा रहेका बिरामीलाई उपचार गरेर सामाजिक सेवामा डा.रुइतले देखाएको कर्मबाट सबैले प्रेरणा लिनुपर्ने बताए । कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले अन्धकारमा छटपटिएका बिरामीलाई ज्योति प्रदान गरेका डा.रुइतले मुलुकलाई अन्तर्राष्ट्रिय तहमा परिचित गराएकोले उनलाई जति सम्मान गरेपनि कम हुने बताए ।

अस्पतालका अध्यक्ष रामनरेश सिंहले आँखा अस्पतालको विकासको लागि डा.रुइतले गरेको अविष्मरणीय योगदानको

प्रशंसा शब्दमा अटाउन नसकिने बताए । उनले आँखा उपचारको क्षेत्रमा मात्र नभइ सामाजिक विकास तथा मानवीय सेवाको भावना डा.रुइतमा अतुलनीय रहेको जिकिर गरे ।

डा.रुइतले नेपालमा पहिलो पटक आँखा उपचारमा लेन्सको प्रयोगलगायतको नयाँ प्रविधिमा आमूल परिवर्तनकारी भूमिका निर्वाह गरेको बताउँदै अध्यक्ष सिंहले उनको योगदानको तुलना गर्नै नसकिने बताए ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साह,पूर्व संविधानसभा सदस्य डा.विजय कुमार सिंह,अस्पताल व्यवस्थापन समितिका कोषाध्यक्ष धीरेन्द्र मोहन झा,समितिका पूर्व सभापति डाविनोद शर्मा,पूर्व मेडिकल डाईरेक्टरद्वय डा.हेमचन्द्र झा र डा.दामोदर प्रधान,धनुषाका प्रमुख जिल्ला अधिकारी काशी राज दाहाल,नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्णलगायतका व्यक्तिहरुले शुभकामना मनतव्य राखेका थिए । समितिका कोषाध्यक्ष झाले स्वागत मनतव्य राखेका थिए ।यता अभिनन्दन पत्र लिँदै डा.रुइतले सीतामाताको पवित्र नगरीमा सम्मानित हुन पाउँदाको खुशी शब्दमा व्यक्त गर्न नसकिने बताए । आँखा उपचारको क्षेत्रमा जनकपुरधामको लागि गर्न सकिने काम र सहयोग गर्न एक कदम अगाडि बढेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

रामगोपालपुरमा ४२ करोडको बजेट

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीको रामगोपालपुर नगरपालिकाले आगामी

आर्थिक वर्षको बजेट प्रस्तुत गरेको छ। शनिबार आर्थिक वर्ष ०८०/०८१ का लागि नवौं नगरसभाबाट ४२ करोड ४२ लाख ९ हजार ८ सय विनियोजन गरिएको छ।

यसअघि चालु आर्थिक वर्षको लागि रामगोपालपुरले ४१ करोड ५४ लाख ४७ हजार चार सय विनियोजन गरेको थियो ।

चालु वर्षभन्दा ४९ लाख ८२ हजार चार सय बढोत्तरी गरेर बजेट ल्याएको छ ।

पालिकाले विनियोजित बजेटमा नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष, समपुरक, राजस्व बाँडफाट, रोयल्टी र आन्तरिक आयसमेत समावेश गरिएको छ । पालिकाको आन्तरिक आय राजस्व अनुमानित दुई करोड प्रस्ताव गरेको छ । नवौं नगरसभाबाट नगरपालिका सञ्चालन व्यवस्थापनका लागि भए गरेका निर्णयहरु स्वीकृत भएको छ।

त्यस्तै,धनुषाको सबैला नगरपालिकाले पनि आगामी आर्थिक वर्षको लागि बजेट प्रस्तुत गरेको छ। शनिबार नवौं नगरसभाले ५८ करोड ८८ लाख ९५ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ।

सबैला नगरपालिकाले संघीय सरकारबाट ४८ करोड ३६ लाख आठ हजार, मधेश प्रदेश सरकारबाट एक करोड ५२ लाख ८७ हजार प्राप्त गर्ने र आन्तरिक श्रोत मौज्दातसमेत नौं करोड रहेको छ। यी रकमहरुले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन गरिने छन् ।

निःशुल्क स्वास्थ्य शिविर

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा निःशुल्क स्वास्थ्य जाँच शिविर सम्पन्न भएको छ। मंगलम डाइगनोष्टिकद्वारा तिर हुतिया गाछीमा आयोजना गरिएको शिविरमा १ सय ३३ जनाले रगत तथा अन्य स्वास्थ्य जाँच गराएको बताइएको छ।

जाच गराउनेमा ८९ पुरुष तथा ४४ जना महिला रहेका थिए। शनिबार आयोजित शिविरमा सहभागी भइ जाँच गराएका विरामीहरुलाई मंगलमको कार्ड प्रदान गरिएको र बेला बेलामा जाँच गराउन आउँदा २० प्रतिशत छुटसमेत प्रदान गरिने जनाइएको छ। अवैध रुपमा प्याथोलोजी एवम् विभिन्न चेकजाँचमा सेवाग्राहीहरु ठगिँदै आएको बेला मंगलमले गुणस्तरीय,भरपर्दो सेवा दिने उद्देश्य राखी अघि बढ्नु यस क्षेत्रका सेवाग्राहीहरुको लागि वरदान साबित हुने विश्वास गरिएको छ । वीरगञ्जमा दुई दशक भन्दा बढी समयदेखि सेवा दिँदै आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल मंगलमले जनकपुरधाममा पनि सेवा विस्तार गरेको छ।

धनुषा महोत्तरी मात्र नभइ मधेश प्रदेशकै विभिन्न ठाउँमा स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमको साथै स्थानीय तहको समन्वयमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिने जनाइएको छ ।

बालकको मृत्यु

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको गोडैतामा करेन्ट लागेर एक बालकको मृत्यु भएको छ।

शनिबार गोडैता नगरपालिका-२ स्थित भटुलियाका देवनारायण महतोको १० वर्षका छोरा आदित्य कुमार महतोको करेन्ट लागेर मृत्यु भएको छ।

छिमेकी रामजी महतोको घरमा मोटर जडान भएको चापाकलमा पानी लिन गएको अवस्थामा बालकलाई करेन्ट लागेको थियो ।

करेन्ट लागेर उपचारको लागि लैजाँदै गर्दा मृत्यु भएका बालकको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल मलंगवा राखिएको जिल्ला प्रहरी कार्यालय मंलगवाले जनाएको छ ।

खोखो संघ गठन

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश खोखो संघ गठन भएको छ।

शनिबार जनकपुरधाममा भएको प्रथम साधारणसभाले ९ सदस्यीय संघ गठन गरेको छ।

संघको अध्यक्ष पदमा धीरेन्द्र कुमार यादव, उपाध्यक्ष अकाश कुमार, सचिव मनोज प्रसाद यादव र कोषाध्यक्ष पदमा दिनेश पुर्वे सर्वसहमतिबाट चयन भएका छन् । यस्तै, सदस्यमा अनिल कुमार गुप्ता, राजकिशोर रोहिता, लालबाबु राय, महिला सदस्यमा शर्मीला प्रजापति र पुष्पा सिंह चयन भएकी छन् ।

त्यस्तै, भेलाले केन्द्रीय साधारणसभाको लागि दुई प्रतिनिधि पनि चयन गरेको छ।

धीरेन्द्र कुमार यादव र मनोज चौधरीलाई केन्द्रीय प्रतिनिधिमा छनोट गरिएको छ।

बाघ स्वास्थ्य अवस्थामा सुधार

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको ठोरी गाँउपालिकाबाट उद्दार गरिएको घाइते पाटे बाघको स्वास्थ्य अवस्थामा सुधार आएको छ।

अर्को भाले बाघको आक्रमणमा परेर घाइते भएको बाघलाई पर्सा राष्ट्रिय निकुञ्जले ठोरी गाँउपालिकाबाट चैत २२ गते उद्दार गरेर ल्याएको छ।

घाइते भएपछि स्थानीयका १२ वटा बाख्रा र २ वटा पाडा मारेर आतंक मच्चाएपछि सो बाघलाई निकुञ्जले नियन्त्रणमा लिएको थियो।

करीब १० वर्ष उमेर समूहको सो बाघलाई खोरमा राखेर उपचार गरेपछि घाउ निको हुँदै गएको पर्सा राष्ट्रिय निकुञ्जकी पशु चिकित्सक डा.चन्द्रकला रानाले जानकारी दिइन् ।

सुरुमा घाइते बाघको मुखमा ७ सेन्टिमिटर गहिरोघाउ रहेको थियो भने अत्यन्तै कमजोर र दुब्लो अवस्थामा देखिन्थ्यो ।

'अब अहिले बाघ शिकार खेल्न सक्ने अवस्थाको भइसकेको छ, ८० प्रतिशतसम्म घाउ निको भएपछि जंगलमा छोड्दा खासै समस्या हुँदैन' पशु चिकित्सक डा.रानाले भनिन् 'अहिले मान्छे देख्ने वित्तिकै आक्रामक हुन्छ, यसको अर्थ बाघ स्वस्थ्य छ भन्ने बुझिन्छ, यसलाई अहिले खानाको माध्यमबाट हामीले औषधि चलाइरहेका छौं ।'

निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक रामले घाइते बाघको अवस्थामा धेरै सुधार भएकोले छिट्टै जंगलमा छाड्ने बताए । पर्सा राष्ट्रिय निकुञ्जमा अहिले ४१ वटा बाघ रहेका छन् ।

पखालाबाट बचौं र बचाऔं ।

पखाला लाग्न नदिन,

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गर ।
- शौचालयको प्रयोगपश्चात र फोहोर चिज छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं ।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं ।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं ।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं ।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरि सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

जिल्ला	स्थान
पर्सा	बीरगञ्ज
बारा	बारा जिल्लाको लागि
रौतहट	चन्द्रपुर
सर्लाही	राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन)
महोत्तरी	बर्दिबास, जलेश्वर र औरही
सिरहा	लहान र सिरहा
सप्तरी	सप्तरी जिल्लाको लागि

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८